The small statured folk make me profuse 'salams' and even yesterday one of them devoutly touched the brim of my hat. The first vihara where I attempted to enter yesterday the Tyekambahal, at the entrance to the town in coming from the East, was rather reserved; it was necessary to start a discussion, then to manage without help and lastly to make a display without the least modesty of the deepest knowledges (their ignorance is distressing) and then the whole population of the vihara, men, women, children, come out from these infections rooms, surround me, guide me, help me, clean the stones, fetch water, and the pujari of the Vihara who is an Udas (the second caste of the Nevar Buddhists) goes so far as to bring his book of mantras, a collection very anodynous of stanzas in honour of the Buddha. The chapel is opened and statues are exhibited to me; Cakyamuni between Lokecvara and Maitreya; above the door a magnificient panel of sculptured wood shows in its centre Maha-Vairocana who holds in his multiple hands a pustaka (book) then two hands joined in prayer above the head; above him in a small frame also sculptured in the wood, Nama Samgiti carrying a book and I think a rosary; lastly a small triptych of wood figures the Triratna; the Buddha in the centre; Dharma and Samgha by his sides. The viharas are simply buildings erected around a rectangular court wherein live in families and in putrefaction the Nepalese Buddhists; in the centre of the court is a caitya adorned with the four images of Amoghasiddhi, Aksobhya, Ratnasambhava and Padmapani on the four facings of the square block which carries the cupola each one in thier niche; several of these caityas even the most modern ones are surrounded with a balustrade 'railing' which reproduces exactly in its arrangements that of Acoka at Mahabodhi and at Sanchi; but I have seen any that show sculptured medallions. Often caitya of smaller size are scattered around the central caitya and sometimes also, like to Matsyendra Natha, in Lagan-bahal, pillars are erected,quadrangular flats on which inscriptions engraved. I have taken stampings of the reign of Nripendra Malla, masterpieces of splendid ones of lapidar epigraphy. Lastly facing the entrance gate there opens a chapel to the devotees wherein the statue of Cakyamuni receives homages and hymns. The interior view of these courts is a ravishment; all the windows

are sculptured panels that offer a surprising variety of adornments. The art of sculpturing wood is still preserved in the viharas. I have been shown to-day in the disposed in fan-like fashion gods, goddessess, animals and flowers, which has to be despatched in few days hence to the temple of Mahabodhi as a token of homage: the Art Museum of decorative works would cover it with gold.

But if one's eyes are opened one's nose must be closed. Kathmandu deposits her filth in her courtyards instead of her sewers. The rainy season undertakes the washing; the human rejection then flow into the streets and accumulate in pestilential rubbish heaps. Babu Mitra who has travelled all over India assures me that he had never seen a dirtier place than Kathmandu. Fortunately, the atmosphere is bracing; to-day, outside the Sun that scorches the shade is scarcely tepid; this evening it registers 6; last night at 4 a.m., 3 only; whilst I was working yesterday in the courtyard of Matsyendra Natha vast place where there rises a beautiful temple with roofs decreasing in size, surrounded by numerous caityas, I hear myself being spoken to in Sanscrit. It is a Yogi established in the temple of Tripurecvara on the Bagmati. Rumour informed him of my arrival and he hastened to meet me. He speaks a Sanscrit exceeding will like the true Pundits of Benares and he claims to convert me to the Yoga. Perched on a caitya he recites or preaches with a flow of Bengali words,proclaims the usclessness of stampings and of history and extols the practices of of ascetism. I promise to go and see him in his temple; one can just conjecture whether a crowd had gathered compact and pressing. To-day good-luck; a Nepalese officer, whom my visits to the viharas have moved, comes to me in the middle of the road, accosts me in fairly distinct Sanscrit, offers to guide me and help me in other ways, follows me from stone to stone from courtyard to courtyard (these are viharas like the Lagan bahal with four courts in a line communicating by narrow and overhanging gates) and the work completed he again offers me his services for to-morrow. Here is my battalion increased by an unit.

It must besides be admitted and proclaimed that these Nepalese so discredited belief rumour, I find them amiable and complaisant to a degree. Babu Mitra attributes it to by personal influence, but he is a Babu; one must rather thank the Commander-in-chief Deb Sham Sher who gave most decent orders to facilitate my task; it is forbidden now to sell the old manuscripts without first offering them to the library of the Darbar which reserves itself the right of pre-emption. The rule is a dead letter in my favour. I have only to pay for the copy of manuscripts, the Government tariff and not the private tariff namely the days taken by the copyists; the ink, paper nibs are not in my account.

This morning, Captain Sahib Bhairab Bahadur has sent me a basket of citrons; he has also accompanied me to the Library established in the new buildings of the Darbar School. The whole staff awaited me in pomp and the four Pundits who are employed as librarians and copyists and the army of assistants and even a Tibetan employed in classifying the few Tibetan texts. The manuscripts are well classified, laid on shelves, carefully enveloped and labelled. The Buddha-Castra has been rather a deception; a few ancient manuscripts and all or nearly all, already known. The only new one I found was the Abhisamayalamkara, a commentary of the Astasahasrika by Haribhadra in 164 pages; I have ordered myself a copy which will cost about thirty rupees and also of the Nepala Mahatmya. Lastly I have ordered a copy of the

Yevana-Jataka; I have not in hand works of reference and will not find any here, but I do not believe I can recall that this Yavana-Jataka is known elsewhere and forgotten; the manuscripts is ancient, on palm leaves, complete, but many of the leaflets are partly destroyed. Besides, I have placed it aside to take up again its examination.

The hunt for manuscripts has not yet paid back, Mitrananda has brought me an ancient manuscript and ornamented with the Astasahasrika and the Pancaraksa (Mahamayuri-vidya rajni, etc.) and from elsewhere I have been generously offered an ancient manuscript (palm leaves) and very fragmentary and mutilated with the said Astasahasrika and another of the Pancaraksa. I wish for something newer of the unheard of or at least of something rare. I have also been offered a Tibetan manuscript in white letters on a dark background; it is quite simply a translation of the Vajrachedika. As the manuscript is of a beautiful paleography, I shall take it if I can obtain it at a fair price, because each possessor of a manuscript believes himself in principle possessor of a treasure.

Wednesday 19th January–Night falls; the sun sets here at an early hour toward 4.30 p.m., behind the Chandragiri and the sun takes away the beneficial heat. Splendid day besides, of a clearness that revealed all the folds of the enormous glaciers on the horizon from the Dhaulagiri to the Gaurisankar very soft also, lukewarm even after night of hoar-frost;the grass this morning was all powdered and a light crust of ice covered the pot of water. I profited by an idle morning forced on me to visit the Residence. The 'Lines' occupy the summit of a plateau to the N. E. of Kathmandu, separated for the time by a vast field where the Gurkhas indulge in horsmanship and where slumber herds of cows, the plateau falls abruptly towards the N.W.facing mount Nagarjun on the large valley where the Bisnumati, too small for her bed, waters rich cultivations. A path of 5 to 6 metres wide only unsets the territory of the residence enclosed on its whole length by walls and thickets an guarded at the entrance by a Nepalese guard-house. All the real kindness I meet here does not suffice to dissipate this after taste of prison. The Residence, a very modest cottage is built in the middle of an English park; then the house of the doctor is still more modest and reaches almost the hospital of the residence which is also very modest and built for 8 or 10 patients, less encumbered now that the Darbar has had erected a vast hospital is under the care of a Bengali assistant, entrusted besides with recording the meterological observations communicated monthly to Calcutta. I have looked into his books and ascertained that the means pressure of Kathmandu is 25 inches 650 (641–35). In the dry season it constantly shows a pressure of 25 inches 550 (637,50). The mean rainfall is 56 inches (1, 40). The highest figure I found is 74 inches 51 (1, 862) in 1893; the lowest 47 inches (1, 175) in 1896 year of famine. A line or group of Tibetans spread its stinking filth before the hospital; they were waiting to be vaccinated. It appears that they are very zealous adopts and they come everyday even from Lhasa. I have photographed a group. Besides the Tibetans more than abound here, they are met everywhere and they are smelt before seen. They bring with them flocks of sheep and she–goats destined for the market. The Gurkhas (with the exception of the Brahmans) eat the flest of these animals. The lowest castes even eat buffalo's meat but nobody dares naturally to taste the meat of the cow. I have to visit the doctor immediately afterwards.

Last evening I held small darbar, the officials of the Residencc attended; post-master,

doctor and jemadar came to greet me with their salams. At noon I resumed my rounds surrounded by my cortage. The beginnings have been uninteresting. Entering by the north of Kathmandu, I reach the Thomal-bahal (Vikarama Simha Vihara). I was energetically refused entrance and not a single Pundit nor a pujari. Filthy women and stupefied men. Intolorence is truly the sister of ignorance, I depute Mitrananda who takes the stamping of an inscription, it is one of Parthivendra Malla as is also the sculptured panel above the entrance gate. Same reception at the Gunakara-Vihara where old women and buxom yellow faced lasses, in torn rags, spread grain to dry in the courtyard. But at the temple of Kathisambu, some progress is made. The men come out of the houses that surround the caitya and charm does the rest. I do not succeed in climbing on the platform at the base of the cupola, but I am free to move about elsewhere.The caitya is very large, it raises its gilded arrow to a height of about twenty metre, (65 ft.). It is entirely white of newly laid stucco, from the arrow descend and connect to four small surrounding caityas, stings on which dangle a long line of many coloured bits of cloth. A very small balustrade exactly at the foot of the staircase which leads to the platform, in front of the staircase stands a recent pillat dated in 1010 (1890) crowned with a brass statue of the Vajrasattve. The inscription which is engraved on it consists especially of a (stotra) of the Buddha. In the N. W. of the caitya, a Nepalese pagoda, in wood patiently sunk, surrounded by a wreath of small flags, rattles and mirrors. The mirror seems and offering much appreciated, they are found hanging from the walls of Hindu and Buddhistic temples. The Kathisambu is much worshipped; thus it is that the surrounding courtyard is encircled by small monuments; nothing ancient as regards inscriptions there also; two stelas of Pratap Malla and Nrpendra Malla. A small vihara is adjoining to the large one, to the South in a large square of slush and rubbish surrounded by houses, a pillar dated from 932 carrying on the summit two small statues in adoration that represent the donors on the northern side a Devistotra.

In proceeding towards the South, a large square covered with temples in ruin (Thamri square); in front of one of these temples a pillar carries the image of Narayan riding on Garuda and a hymn to Narayana dated 783, without a kings name; inscription very badly mutilated.

From Kathisambhu no more diffiiculties anywhere; the crowd who conveys me also conveys my reputation. At the Karnakottama mahavira a stela the fragment of a stela buried in the wall like in almost all cases bears the name of Kavindra Pratap Malla with an ordinary list of danapatis but the year is missing. At the Harsacaitya-Maha-Vihara, inscriptions of 905 and 931; the pujari states that the monastery owes its name to king Harsa who founded it, but nothing ancient. He promises to show me - one of these days - the manuscripts he has. He ignores what they are; I still expect a Pancataksa. At last I end the day at the Dhokabagak in 812, reign of Bhupalendra Malla.

Monday 20th January- I began the day by a walk to Svayambhunath; the grass was still white with hoar-frost. The thermometre fell this morning at sunrise to 2 at 8.30 a.m., it rose to 3 and while returning I risked a sun stroke at 11.30 a.m. Ordinary reconnoitring attempted in haste, helped only by the mukhya and the sepoy. Svayambhunath, Syambhunath as they pronounce it here, is to the E.N.E. of the town, to the E. S. E. of the Residence, beyond the Bisnumati on a conical hill with steep flanks, ahead of the mountains and

entirely clothed in verdure. The lofty brass arrow stands out alone and distinct above the foliage. The path meanders round the town, crosses the Bisnumati on a bridge and cuts across fields, arranged in gradations to protect the soil against the gullying of the rains. All along the sacred path, caityas succeed one another.At the foot of the hill, the path changes into a staircase;but what a staircase; Rough,uneven, ruinous, tottering, narrow and slippery steps. Sarcastic monkeys play on the steps appear and disappear, look with an air of wicked pity on their human brethern who perspire in the climb; caravan of Tibetans climb and descend; uglier, dirtier and less skillful than the monkeys. Between two lines of stupas under a real bower the platform is at least reached; a vajra (a great warrior) of giant size, entirely gilded, laid on a socle also of giant size, adorns a copper bell-tower with an arrow, discloses at the four points of the compass, entirely gilded chapels of the four Bodhisattvas. The emotion a church feeling, captures one at the first step; the bells peal, rattles play chimes, muffled voices under the vault of the chaples sing hymns and discreet flutes accompany the voices. The spirit has undoubtedly changed but the exterior aspect of Svayambhu can scarcely differ from the temples that Acoka knew. On the platform at the summit of the hill, on the sides and behind the caitya it is a real chaos of small monuments. caityas, stelas statues of giant black Buddhas or entirely white Buddhas or again all red. I search in vain for a dated inscription. Here again it is (Begin) history; at the entrance Pratapa Malla has had engraved on a high stela a stotra (hymn) of his own. An enormous stela engraved in the XVIIIth century is bilingual; Sanskrit at first, Tibetan underneath. Besides Tibet counter-weighs and eclipses India. The Om mani padme hum is laboriously everywhere inscribed in Tibetan letters; line of Tibetans with their long greasy hair adorned with a circle (or band) that frames their head with a hale complete the circuit round the great caitya with a piety as much anthusiastic as it is singular; they fall flat on the stone, the arms in front and murmur a few dharani, trace on the stone as far as the hand can reach a chalkline, they rise and with their feet on the line of chalk just traced they prostraste themselves once again to begin again the same exercise. When passing in front of the four principal chapels, they stop and address to the Bodhisattva a fervent prayer, transfigured by a mystical faith that almost beautifies them. The Nevars are contented with bringing, flowers red lead, sandal wood, as would be performed to Siva and Visnu. Not a Pundit to be met at Svayambhu not a 'Sanscrit bolewala' I would have liked to inform myself on the antiquities on the books kept by the temple. Not a soul. And yet how many centuries have written here their history? Where does it sleep ? Under the ground or in the temples ?

I went my way home, a little disappointed at this negative result and after breakfast I pursue with my habitual dignity my rounds of the viharas. I enter the Mahabuddha Vihara, undoubtedly ancient; only one stela of this century in the courtyard decorated by a stupa of stucco and two of stones. All on a sudden I am spoken to in Sanscrit in elegant Sanscrit. I reply the dialogue begins. I learn that the stupa of stucco has been according to tradition, erected by Acoka that the vihara has inscriptions, copper plates, manuscripts, but that it is impossible to see them. These ignorant begins defend with zest the treasures that they know not how to employ. One can read here, by way of text, the Catasahasrika Prajna paramita; the recital of the work, divided in uncertain section, lasts exactly the space of one year. My speaker calls himself; it is Damaru vallabha, the honour of Nepal a Pundit whom Haraprasad Sastri showed me as a superior. He

gives me as a meeting place on the morrow the library of the Maharajah; he promises that if I remain here a month and a half or two months, all the gates would open. I take leave of him and guided by my pseude Pundit (an abyss of ignorance), I went my way towards the Toho-bahal.

Right against the wall of the town, in a heap of ruins, I see one of those stelas that abound here in thousands, to the extent of discouraging one's curiosity, I approach to better read the date, it is of the reign of Narendra Malla. A statue of Mahakala is right against it; even with the ground on the socle, I seem able to decipher archaical characters. Here is some antiquity. Mitrananda quite calmly assures me that this is something of modern Nevar work. I begin to clean the stone. Here you, Pundit, come and read your Nevar. Mitrananda has nothing to say. The inscription is a dedication and the first words are; Samvat 412 rajnah Cri Manadevasya; the date and name are absolutety certain and clear. Once again the crowd gathers, fairly hostile at finding me handling the statue, where stains of red lead attest a recent puja. The mukhya begins to extol my science and throws a challenge who wishes to speak in Sanscrit with the Sahib ? Nobody replies and for reason. I wish to take a photograph of the statue. Ill-luck the shutter rufuses to act. I ment it and screw and unscrew it and when I point it at the statue the whole thing gets out of place again.Bad luck. I can distinctly here in the crowd that surrounds me that the god is defending himself against me. To put an end to it, I work the camera any way, but with a triumphant air, bent on returning on another occasion, and I declare with satisfaction that everything has completely succeeded. Then I send for the pujari who gives to the statue the daily worship; I hand him half a rupee to celebrate a puja in my name; and thus flattered, I reveal to him the age of the statue that surpasses in antiquity all that I had hitherto seen are Kathmandu. Visible change; my man demands precise explanations and swells with pride. His statue anterior to the Nepala Samvat. And now it happens that I am treated with regard and already the group that surrounds the pujari speaks about erecting a a chapel over the statue. Unfortunate Mahakala. Will it be due to me that he owed the renewal of his religion. And always the same question; are you a German?I repeat my eternal speach: I am a French,France is a great country. In short a small epigraphical discovery.

Saturday 22nd Janauary– To-day, holiday on account of an eclipse. Captain Sahib sent word to me that it would be better to give up my daily occupations, I had set out before him by giving yesterday eventing a holiday to the whole of my staff. I began feeling also the need for rest. In the morning, always in great ceremony, I leave for Harigaon, a village situated at a distance of two miles E of Kathmandu and where Damaru vallabha had mentioned to me of ancient ruins. I explore the chapels, I scatter the detritus from which emerge broken stones. Always the Mallas. A stena leaning against chapel dates from the reign of Narendra Malla Samvat 653 (1533). Another stela is dated from the reign of Bhupalendra, samvat 819 (1699). But a man from the village offers to show me an old ruin. I descend with him a very rustic staircase which leads to a small tank at the foot of the plateau on which Harigaon is built, towards the East. In the middle of the tank there rises a statue of Garuda and from the bank there appears on the pillar a long inscription in characters manifestly archaical. The stamping is far from being easy, the water is fairly deep, the bottom or (bed) slimy and the socle of the pillar is just large enough to stand upon. The villagers throw stones and pebbles to make me a very small pavement, and the Pundit. sepoy and I clinging to the pillar,

under a blinding sun, take a double stamping. The inscription is composed of about thirty lines engraved with care, but the first lines have disapeared and the date is missing. The character of the writing in any case leaves no doubt: impossible to take a photograph at a convenient distance, right in the middle of the tank; I was obliged to take up a position on a kind of platform facing the pillar and which carries a small temple in ruins dedicated to Satya Narayana; the fragments carry no inscriptions. The pillar seems of great interest to me or account of its date; the inscriptions deal with literary chronology, the pillar and the statue concern the chronology of art. I have only had time to see another inscription at the foot of an image of Laxmi-Narayan fitted in the Eastern ledge of the tank and which bears the date of 139 (1019) without a king's name. The inscription was buried, I have had it brought to light again and I mean to take a stamping of it when I shall return to Harigaon.

In the afternoon I returned to the Library of the Darbar where awaited me Damaru vallabha at the head of all the staff. For about three hours I examined the manuscripts. Lastly to distract myself I looked at the eclipse. It was almost a total one here, we were less than a 100 kilometre from the line of totality and at 2 o'clock and 8 minutes, mean time (1 o'clock 56 minutes, astronomical time) there only remained of the Sun a thin crescent released like the new-Moon, but this little sufficed to destroy the grandiose impression so it seems of the totality. The urchins were shouting on all sides; "Rahu let go the sun", the dogs barked at the urchins, noise but the bulls have continued to graze without manifesting any distress. Strange, however, if not grandiose, this progressive attenuation of the light under a cloudless sky; a sunlit landscape viewed through a smoked glass no irradication, no resplendence; a dull brightness dim and dreary with opaque shadows a sensation of something unreal. The moment of the totality is captivating. Streak of shadows overlap one another like those shiverings of warm air that rise from the fields on summer days; a sudden and singular puff of cool breeze shake the branches. The thermometre which was registering 20 at noon, falls to 17 at the half eclipse and all of a sudden to 13 whilst at 4 p.m. it had risen again to 28. Spring is approaching here; whilst the garden orange trees are still laden with fruits, we find the apricot-trees adorning themselves with an exquisite white efflorescence. My garden besides changes into a poultry-yard; two sheep browse in it, and a turkey-cock chuckles. The bungalow of Lucullus.

(To be continued)

प्राचीन जाति 'शिवी'

— पूर्णदास मानन्धर

हाम्रो देशको प्राचीन इतिहासमा लिच्छविकाल एउटा साह्रै गरिमामय युगको रूपमा रहेकोले धेरै महत्त्व छ । नेपाली समाज र संस्कृतिका विविध पक्षका आधारशिलाको साथसाथै संरचना पनि त्यसैबेला निर्माण भएको थियो । परम्परागत शास्त्रसम्मत व्यवस्था, आचार, नीति नियम, मर्यादित सामाजिक, धार्मिक र राजनीतिक परिपाटी त्यसबेलाको एक उल्लेखनीय विशेषता हो । त्यतिखेर समाजका विभिन्न महत्त्वपूर्ण पक्ष र क्षेत्रहरूमा समानुपातिक रूपमा विकास भएको कुराको जानकारी तत्कालीन इतिहास निर्माणका स्रोत–सामग्रीका आधारमा हामी पाउँछौं । यस्तै स्रोत–सामग्रीका आधारमा विद्वत् वर्गले लिच्छविकाललाई सुवर्णयुग भन्ने गरेको पाइन्छ ।

देशभित्र सामाजिक बिसंगति नरहोस् भनेर तत्कालीन समाजमा माथि उल्लेख गरे झैं प्राचीन हिन्दू वर्ण व्यवस्थालाई अक्षरशः पालन गरेका थिए । तत्कालीन शासकहरू वर्णशंकर उत्पन्न होला भनी खूब सतर्क भएको हामी पाउँछौं । त्यसबखत चारै वर्णका मानिसहरू किंवा ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र आदि अस्तित्वमा रहेको कुरा त्यसबेला ठड्याइएका विभिन्न ढुंगाका अभिलेखहरूको सूक्ष्म अध्ययन गरी हेरेको खण्डमा प्रष्टैसित थाहा लाग्न आउँछ ।

स्थानीय देउपाटनस्थित सुप्रसिद्ध पशुपति देवालयको प्रांगनको नैऋत्यकोणमा अवस्थित लिच्छवि राजा जयदेव (द्वितीय) को संवत् १५७ को कलात्मक चारपाटे शिलापत्रमा उल्लिखित विगतका लिच्छवि राजपुरुषहरूका वंशक्रमलाई विचार गरी हेर्दा प्रसिद्ध प्रथम ऐतिहासिक लिच्छवि राजा मानदेव (प्रथम) को शासनकालदेखि मात्र नभई त्यस पूर्वदेखि नै अर्थात् ई.सं. ४६४ भन्दा पनि अगाडिदेखि नै यस प्राचीन मुलुकमा वर्ण–व्यवस्थाले जरा गाडिसकेको प्रतीत हुन्छ । यहाँ लिच्छवि शासनको प्रारम्भ ईसापूर्व तेस्रो शताब्दीमा भएको भनेर मत प्रकट गर्ने गरेको पाइन्छ ।[1] पशुपतिको माथि उल्लेख गरेको अभिलेखमा लिच्छवि नामक राजाको एक दर्जन पुस्ता पश्चात् सुपुष्प भन्ने राजा भए भनी बयान गरिएको छ । सुपुष्पदेवको ऐतिहासिक महत्त्व के थियो, जान्न सकिएको छैन भनी धनबज्र बज्राचार्यले लेख्नुभएको छ । उहाँ पुनः अगाडि लेख्नुहुन्छ– "गोपाल वंशावली–कारले 'सुपुष्पदेवले नेपालमा वर्णव्यवस्था लागू गरे, पशुपतिको मन्दिर बनाए'...।"[2] त्यसैगरी डेनियल राइट सम्पादित वंशावलीमा सोमवंशी चौथो राजा पशुप्रेक्ष (क्ष ?) देवले चारजातका मानिस बसाइ राज्य गरेको लेखिएको छ ।[3] यी राजालाई नेपालको प्राचीन इतिहासको क्रममा कहाँनिर राख्ने हो, समस्या नै छ । ऐतिहासिक रूपमा शकसंवत् ३८६ (ई.सं ४६४) जेठ शुक्ल प्रतिपदाका दिनमा चांगुको प्रसिद्ध मन्दिरको अगाडि ठड्याइएको राम्रो, अग्लो र सुरूचिपूर्ण कलात्मक विजय–स्तम्भमा अन्यान्य कुराको अतिरिक्त 'द्विजेभ्यो' र 'क्षात्रेण'

जस्ता बाहुन र छेत्रीसूचक शब्दहरू कुँदिएका छन् ।[4] यसरी मानदेवको पालामा तत्कालीन समाजमा व्यवस्थित वर्णव्यवस्था थियो भनेर भन्न सक्छौं । त्यसैगरी शक-संवत् ४२८ (ई सं. ५०६) को थानकोटस्थित आदि-नारायणको मन्दिरसंगैको वसन्तदेवको शिलापत्रको क्रमश. सातौं र बीसौं हरफमा 'साष्टादश प्रकृतीन्' र 'साष्टादश प्रकृतयः' भन्ने संस्कृत वाक्यांशको उल्लेख परेको छ । धनबज्र बज्राचार्यले तीं दुई वाक्यांशको अर्थ अठाह्र प्रकारका जात भनी लगाउनु भएको छ ।[5] त्यसमा उल्लेख गरिएका अठाह्र जातको परिचय तत्कालै दिन सकिँदैन, ज्यादै परिश्रमसाध्य छ । हालसम्म जानकारीमा आइ-सकेका लिच्छविकालीन जातिहरूमा आभीर (गोर्मा), किरात, कोली, चाण्डाल, मल्ल, लिच्छवि, वृजि र शाक्य प्रमुख छन् । वर्मन (वर्मा), संघ जस्ता थर (?) सूचक जस्ता कुनै जाति विशेष नछुट्टिने संज्ञा शब्दहरूको पनि आधिक्य शिलालेखहरूमा प्राप्य छन् । यसै सन्दर्भमा एक-जना प्रसद्धि लिच्छवि राजा शिवदेव प्रथम र अंशुवर्माको संयुक्त नाम कुँदिएको तिथि मिति उप्किसकेको चांगुको प्रसिद्ध गरुडको शिलाप्रतिमाका पार्श्व भागमा ठड्याइ-राखिएको शिलालेखको दशौं पंक्तिमा कुँदिएको 'पुण्डिराज कुल' शब्द पनि यहाँ जातिको सन्दर्भमा उल्लेख गर्न योग्य छ । यस शब्दलाई सम्बन्धित विद्वान्हरूले आ-आफ्नै ढंगले पढी अर्थ लगाउने प्रयास गरेको पाइन्छ । धनबज्र बज्राचार्यले त्यसलाई 'पुण्डि' साथै 'पुण्ड्रि' पनि पढ्नु भएको छ ।[6] डा० जगदीशचन्द्र रेग्मीले 'मुण्ड्री' पढी त्यसलाई तत्कालीन एक जाति विशेषको नाम भनी अर्थ्याउनु भएको छ ।[7] इटालीका प्राच्यविद् रेनिइरो नोलीले उक्त शब्दको शुद्ध हिज्जे 'सुण्ड्री' वा 'पुण्ड्री' भनी शङ्का प्रकट गर्नु भएको छ भनी डा० रेग्मीले लेख्नुभएको छ ।[8] अर्का प्राचीन लिपिविद् शङ्करमान राजवंशीले चाहि फेरि 'पुण्डी' पढ्नु भएको कुरा पनि यस सिलसिलामा कम रोचक छैन ।[9] हरिराम जोशीले त्यस शब्दलाई 'मुण्ड्रि' लेख्नु भएको छ र त्यसको अर्थ स्थान भन्ने गर्नुभएको छ ।[10] त्यसैगरी डा० डिल्लीरमण रेग्मीले 'पुण्ड्रि' लेख्नुभएको छ र 'पुण्ड्रिराजकुल' को अर्थ शार्ङ्गगृहको रूपमा लिनुभएको छ ।[11] लिच्छवि लिपिमा 'म' र 'प' झण्डै झण्डै समानाकृतिको भएको हुनाले त्यस्तो हुन पुगेको हुनसक्छ, तर कसैले 'ह्रस्व' र कसैले 'दीर्घ' कसरी पढ्न पुगेका हुन्, थाहा छैन । अब एकछिन सन्दर्भ बदलौं ।

काठमाडौंको स्थानीय लगनटोलस्थित विष्णुको एउटा सानो देवालयभित्र राखिएको शिवदेव (द्वितीय)को संवत् ११९ (ई.सं. ६९५) को अभिलेखको तेह्रौं पंक्तिको शुरूमा 'शिवीप्रणार्ली' भन्ने शब्द पनि अन्य वाक्यहरूका अलावा कुँदिएको छ । धनबज्र बज्राचार्यले त्यस शब्दको अनुवाद शिवीधारो मात्र गर्नुभएको छ ।[12] उक्त धाराको उल्लेख भोग, भाग, कर तथा हिरण्य आदि त्यसताकाका कर असूल उपर गरिने जग्गाको सीमाको रूपमा गरिएको छ । नोलीले पनि उक्त शब्दलाई 'शिवी' (Śivi) नै पढ्नु भएको छ ।[13] हरिराम जोशीले 'शिवी' शब्दको अर्थ ठाउँको नाउँको रूपमा लिनुभएको छ ।[14] डा० डिल्ली-रमण रेग्मीले Sibi लेख्नु भएको छ ।[15] यस रोमनलिपि-लाई देवनागरी लिपिमा लिप्यान्तर गर्दा साधारण नियम अनुसार 'सिबि' हुन्छ ।

माथि उल्लेख गरेका तत्कालीन जाति विशेषको नामको साथमा एक न एक अर्को शब्द आएको द्रष्टव्य छ । उदाहरणको लागि हनुमानढोकास्थित स्व० श्री ५ त्रिभुवन स्मृति संग्रहालयमा राखिएको अंशुवर्माको समय-को मानिने प्रस्तरको जीर्ण अभिलेखमा 'किरात' शब्द-सित 'वर्षधर' शब्द आएको छ ।[16] लिच्छविसित 'पूर्णचन्द्र'[17], मल्लसित 'पुरी'[18], कोलीसित 'ग्राम'[19] र वृजिक (वृजि) सित 'रथ्या'[20] शब्द आए झैं यहाँ 'शिवी' शब्दसित 'प्रणाली' संज्ञाशब्द आएको कुरा मननयोग्य छ जस्तो हामीलाई लाग्छ । डा० जगदीशचन्द्र रेग्मीको अघिको 'मुण्ड्री' शब्दलाई पनि जाति विशेषको नामको रूपमा स्वीकार्ने हो भने 'मुण्ड्री'सित 'राजकुल' शब्द आएको पनि प्रत्यक्ष नै छ ।

अब हामी 'शिवी' शब्दको विश्लेषण गरौं । यो एक अति प्राचीन क्षत्रिय जातिको नाम हुनमा धेरै सम्भा-वना छ । कारण महाभारत महाकाव्यमा (ई.पू. १९००-१५००) 'शिवि' शब्दको उल्लेख जाति विशेषको सन्दर्भ-मा गरिएको हामी पाउँछौं । उद्योगपर्वमा (१९५।७) एउटा श्लोक छ– 'शकाः किराता यवनाः शिवयोऽथ वसातयः ।।' यो श्लोक दुर्योधनको सेनाको सम्बन्धमा

आएको छ । यसको अर्थ शक, किरात, यवन, शिवि र वसाती हुन्छ ।[21] त्यसैगरी सभापर्वको बत्तीसौं अध्यायमा पनि शिविहरूलाई मरू (राजपुताना) मा राखिएको छ ।[22] 'शिबि' देशसूचक शब्द पनि हो ।[23] जातिको सन्दर्भमा 'शिवी' शब्दको ठीक हिज्जे 'सिवि', 'शिबि', 'शिवि', शिबी' वा 'शिवी' कुन हो छुट्याउन हम्मेसि पर्छ । संस्कृतमा 'शिवि' लाई 'शिबि' पनि लेखिन्छ ।[24] समयको ठूलो अन्तरालमा शब्दलेखनमा हिज्जेमा केही रूप परिवर्तन हुन पुग्यो होला तर शब्दको ध्वनि चाहिं समान नै रह्यो होला भन्ने विचार यस परिप्रेक्ष्यमा हामीले गर्नु पर्ला जस्तो लाग्छ । शब्दको हिज्जे लेखनको सन्दर्भमा यहाँ ध्यान पुऱ्याउनु पर्ने कुरा के छ भने प्रसिद्ध 'लिच्छवि' शब्दलाई 'लिच्छिवी', 'लेच्छिवि', 'लेच्छइ' तथा 'निच्छवि' लेखिएको पनि पाइन्छ ।[25] हाम्रो यहाँ पाइने लिच्छविकालीन शिलापत्रहरूमा 'लिच्छवि' हिज्जे कुँदिएको पाइन्छ तर भारतका गुप्तवंशी राजा स्कन्द–गुप्तको भितरी अभिलेखमा 'लिच्छवि' कुँदिएको पनि द्रष्टव्य छ ।[26] त्यसैगरी 'वृजिक' लाई पनि'वज्जि' 'बज्जि' लेखिएको पाइन्छ ।[27] हामी लेख्दा 'वामन' र बोल्दा 'बामन'र बोल्दा 'बिशाल' लेख्दा 'विशाल' लेख्छौं । यस्ता बोल्दा एउटा लेख्दा अर्कै (हिज्जेमा अन्तर आउने) हुने शब्द अरू शब्दहरू पनि छन् । यी सबै यहाँ चर्चा गरिराख्नाको तात्पर्य महाभारत र त्यसपछिका अन्यान्य ऐतिहासिक ग्रन्थादि तथा ऐतिहासिक सामग्री आदिमा जातिको सन्दर्भमा उल्लेख भएको शब्द 'शिबि' पछि लिच्छविकालमा आएर 'शिवी' को रूपमा रूपान्तर हुन आएको हुनुपर्छ भन्ने अनुमान र तर्क गर्न सम्भको लागि हो । महाभारतकालीन शिविहरूका सन्तान दरसन्तान नै हाम्रो लगनको शिलालेखमा उल्लेख भएको 'शिवी' जाति हुन् भनेर बोल्न हामीसित कुनै पनि किसिमको तगडा सबूत छैन, खालि अनुमानको आधारमा हिंड्नु परेको छ । भियना एकेडेमीका सुप्रसिद्ध प्राच्यविद् जर्ज बूहलरको भनाइ अनुसार साधारणतया 'व' लाई 'ब' उच्चारण गरिएकोले उत्तरी, मध्य र पश्चिमी भारतमा 'ब' को पुरानो चिह्न (अक्षर ?) हरायो र त्यसको ठाउँ शिला-लेखहरूमा सातौं र पछिल्ला शताब्दीहरूमा 'व'ले लियो । उहाँको यस भनाइलाई नेपालको तत्कालीन सन्दर्भलाई लिएर विमर्श गर्ने हो भने यहाँ तर्क गर्न अति आधार प्राप्त हुन आएको जस्तो देखिन्छ । हामीले यहाँ उल्लेख गर्न बसेको स्थानीय लगनटोलको ढुङ्गामा कुँदिएको अभिलेख पनि सातौं शताब्दीको अन्तिम दशकतिर कुँदिएको थियो । त्यसबेला श्री बूहलरको विचारलाई हृदयंगम गर्दै हेर्ने हो भने, 'शिबि' कुँद्नु पर्ने ठाउँमा 'ब' को चिह्न (अक्षर ?) लेख्ने चलन हराएकोले अर्थात् 'व' लाई 'ब' उच्चारण गर्न थालेपछि 'शिबि' कुँद्नु पर्ने ठाउँमा 'शि' र झुक्किएर ह्रस्व 'वि' को सट्टामा दीर्घ 'वी' कुँद्न पुग्यो होला । शिलालेख कुँद्नेले त्यस्तो भ्रमवश गरेमा कुनै आश्चर्य छैन । त्यसैले 'शिबि' को ठाउँमा 'शिवी' हुन पुगेको होला भन्ने हामीलाई लाग्छ । 'शिवी' शब्दको दोस्रो प्रयोग आज अहिलेसम्म प्राप्त अन्य लिच्छविकालीन शिलालेखहरूमा र अन्य ऐतिहासिक सामग्रीहरूमा प्राप्त भै नसकेकोले गर्दा हामी तर्क र अनुमानमा मात्रै भर पर्न बाध्य हुनु परेको छ ।

यसरी हामी 'शिवी' लाई 'शिबि' वा 'शिवि' को परिवर्तित रूपमा विचार गर्ने हो भने छलफलको लागि अझ अगाडि बढ्न हामीलाई सुगम हुनेछ । 'शिबि' हरू किरातहरूका र शकहरूका समकालीन भएको कारणले गर्दा यिनीहरू पनि प्राचीनकालमै नेपालमा पदार्पण गरिसकेको थियो होला कि भन्ने अनुमान लगाउन सकिन्छ । हिन्दू पौराणिक वाङ्मयका प्रसिद्ध त्यागी र परोपकारी राजा 'शिबि'सित शिबिजातिको के कस्तो सम्बन्ध थियो भन्ने सर्किदैन, यो अध्ययनकै विषय छ । ऐतिहासिक रूपमा शिबिहरू यौधेय, मद्र र मालव जातिका समकालीन शान्ति र स्वतन्त्रताप्रेमी अल्पसंख्यक वीर गणतान्त्रिक विचार भएको जाति हो । यिनीहरू चेनाब र झेलम नदीको दोआबको तलतिर मालवहरूको बस्ती नजिकै बसोबास गर्दथे । कुनै कुनै इतिहासकारले यिनीहरूको बासस्थान पंजाबको झाङ क्षेत्रको शोरकोट भन्ने ठाउँको इरावती र चन्द्रभागा नदीको बीच भाग हो भनेका छन् । शोरकोटकै शिलालेखमा 'शिबिपुर' को उल्लेख छ ।[29] ऐत्तरेय ब्राह्मण (८, २३, १०) मा शिबिहरूका राजा अमित्रापनको उल्लेख गरिएको छ ।[30] शिबि जनपदको उल्लेख बौद्ध जातक (ई. पू.८००–५००) मा पनि पाइन्छ ।[31] शिबिहरूको अस्तित्व सिकन्दर महान्ले भारतमाथि धावा बोलेको बखत (ई. पू. ३२०) मा पनि भएको पाइन्छ । यसरी 'शिबि' हरू सिकन्दरका समकालीन अल्पसंख्यक जनजातिको रूपमा पनि देखिन आएको छ । सिकन्दर महान्को हिन्दुस्तान उपर आक्रमण भएताका लेखिएको

इतिहासमा ग्रीक इतिहासकार द्वय क्विन्टस कर्टिअस र डायोडोरसले 'शिबि' लाई 'शिबोइ' लेखेका छन् । त्यसबेला शिबिहरूका गणतन्त्रात्मक राज्य थियो ।[32] कात्यायन (ई. पू. ३००) ले पनि शिबिहरूको देशको बारेमा उल्लेख गरेको छ भने पौराणिक ग्रन्थहरूमा यिनीहरू राजसत्ता भाने जातिहरू भनेर उल्लेख गरिएको पाइन्छ ।[33] सुप्रसिद्ध वैयाकरण पाणिनिको अष्टाध्यायी सूत्रका टीकाकार पतञ्जलि (ई. पू. १२०–१००) ले आफ्नो 'महाभाष्य' मा शिबिहरूलाई 'शैब्या' लेख्नुभएको छ ।[34]

ई. पू. पहिलो शताब्दी पश्चात् शिबिहरूको बारेमा केही पनि सामग्री प्राप्त छैन भनी स्व० काशीप्रसाद जायसवालले आफ्नो 'Hindu Polity' नामक ग्रन्थको १४७ पृष्ठमा उल्लेख गरेका छन् । यिनीहरू ईसाको दोस्रो शताब्दीमा मथूराका क्षत्रपहरूको दबाव परेको कारणले गर्दा यौधेय, मद्र र मालवहरूको साथ आफ्नो पैत्रिकस्थल छाडी पश्चिम राजपुतानातिर बसाइँ सर्न बाध्य भएका थिए ।[35] त्यहाँ उनीहरूले आफ्नो देशको राजधानीको नाम 'माध्यमिक' राखे । त्यहाँबाट उनीहरूले तामाका ससाना सिक्का पनि निष्कासन गरेका थिए । त्यस मुद्रामा 'शि बि ज न प द स' 'म ज्झि म नि का य' भन्ने शब्द ब्राह्मी-लिपिमा अंकन गरिएको पाइन्छ ।[36] के शिवदेव (द्वितीय) को शिलालेखमा उल्लेख भएको 'शिवी' नै दोस्रो शताब्दी-तिरका भारतीय इलाकामा बस्ने शिबिहरूका सन्तानहरू हुन् त ? हो भने यी नेपालमा कहाँबाट कहिले र कसरी पसे त्यसबारेमा हामी अनभिज्ञ छौं । राजपुतानातिर लागेका शिबिहरू र यहाँका 'शिवी' हरू (?) बीच के सम्बन्ध थियो, यो पनि ज्ञातव्य छैन । यी तत्कालीन अल्पसंख्यक जातिको उल्लेख ई. पू. १५०० देखि ईसाको दोस्रो शताब्दीसम्म बारम्बार उल्लेख भैरहेकोले कम रोचक छैन । महाभारत, ग्रीक इतिहासकार र सिक्काको माध्यमबाट परिचित शक, किरातका साथमा उल्लेख भएका यी शिबिहरूको ऐतिहासिक अस्तित्वलाई कुनै हालतमा पनि हामी नकार्न सक्दैनौं ।

नेपालको काठमाडौं उपत्यकामा लिच्छवि, आभीर, मल्ल, कोलि, वृजिहरू समय समयमा कारणवश आए जस्तै शिबिहरू पनि कारणवश नेपालभित्र छिरेको हुनुपर्छ र उनीहरू रैथाने जातिसित मिलेर बसे होलान् । उनीहरूले लिच्छविहरूकै शासन स्वीकारे होलान् र आफूहरू शिल्पीको रूपमा रहे होलान् । हामीले माथि उल्लेख गरेको 'शिवीप्रणाली' सम्भवतः यिनीहरूले नै निर्माण गरेको कुनै भव्य कलात्मक मकराकृतिको ढुंगेधारा हुनुपर्छ । मकराकृतिको ढुंगेधारालाई लिच्छवि-कालमा 'प्रणाली' शब्द व्यवहृत थियो । हालसालै स्थानीय रत्नपार्कको पश्चिममा प्राप्त अभिलेख सहितको ढुङ्गे धारा-ले यस कुरालाई सप्रमाण पुष्टि गरेको छ । वसन्तदेवको १८ जात उल्लेख भएको शिलापत्रमै 'शिवकदेवकुल' शब्दको पनि उल्लेख पाएको छ । त्यसको अर्थ धनबज्र-ले मन्दिर लेख्नुभएको छ ।[37] यो 'शिवकदेवकुल' पनि शायद शिवीहरूद्वारा नै निर्मित भव्य स्थापत्य कलाको नमूना हुन सक्छ । त्यसैगरी नरेन्द्रदेवको संवत् ६७(६४३) अर्थात् लगनको शिलालेखभन्दा सोह्र वर्ष अगाडि थापिएको शिलालेखमा पनि 'शिवगल्देव (कुल)' शब्दको उल्लेख आएको छ ।[38] यस मन्दिरवास्तुसित पनि शिवी-हरूको केही सम्बन्ध छ जस्तो हामीलाई मनमा लाग्छ । यसरी वसन्तदेवको ४२८ शक संवत्को १८ जातिको उल्लेख गरिएकै शिलालेखमा पनि 'शिवकदेवकुल' को उल्लेख भएकोले यदि हामीले 'शिवकदेवकुल' लाई शिवीहरूसितै सम्बन्धित गराउने हो भने शिवीहरू वसन्तदेवको समयदेखि नै नेपालमा स्थायी रूपमा बसोबास गरी सकेको देखिन्छ । यिनीहरू पनि १८ जातमध्ये एउटा जातमा पर्दथ्यो भन्ने कुरा अब अनुमान गर्न गाह्रो पर्दैन जस्तो लाग्छ । लगन टोलको अभिलेख र वसन्तदेवको अभिलेखको समयमा १५३ वर्षको मात्रै अन्तर भएको देखिन्छ । यसरी शिवीहरूलाई जातिको रूपमा भाने हो भने अंशु मानदेवकै समय वा ऊभन्दा अगाडिदेखि नै उनीहरूको बसोबास काठमाडौं उपत्यकामा भैसकेको देखिन्छ जस्तो लाग्छ । यो हाम्रो क्षीण अनुमान मात्रै हो, विद्वान्हरूबाट यस सम्बन्धमा गवेषण हुनु आवश्यक जँच्दछ ।

टिप्पणीहरू

१. डा. जगदीशचन्द्र रेग्मी, **प्राचीन नेपालको राज-नीतिक इतिहास**, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, प्रथम संस्करण, २०३५)पृ. ३१ ।
२. धनबज्र बज्राचार्य, **लिच्छविकालका अभिलेख,**

(कीर्तिपुर : नेपाल र एशियाली अध्ययन संस्थान, २०३०) पृ. ५५७ ।

3. Daniel Wright, *History of Nepal* (Kathmandu : Nepal Antiquated Book Publishers, Reprint, 1972), P. 113.

४. धनबज्र बज्राचार्य, **पूर्ववत्**, पृ. १२–१३ ।

५. ऐजन, पृ. ९३ ।

६. ऐजन, पृ. २३३ र ६०८ ।

७. जगदीशचन्द्र रेग्मी, **लिच्छविसंस्कृति**, (काठमाण्डू : रत्नपुस्तक भण्डार, २०२६) पृ. १२४ ।

८. ऐजन, पृ. १२४ (पाद टिप्पणी संख्या १) ।

९. शङ्करमान राजवंशी, 'लिच्छविकालीन पुण्डीराजकुल', **प्राचीन नेपाल**, संख्या ५७(पुरातत्त्व विभाग, वैशाख-जेठ २०३७) पृ. १ ।

१०. हरिराम जोशी(सम्पा.),**नेपालको प्राचीन अभिलेख**, (ललितपुर: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान,२०३०) पृ. २१८ तर पृ. २२१ मा उहाँले 'मुन्द्रि' लेखनु भएको छ ।

11. D. R. Regmi, *Inscriptions of Ancient Nepal*, Vol. III (New Delhi : Abhinav Publications, 1983) P. 107.

१२. धनबज्र बज्राचार्य, **पूर्ववत्**, पृ. ५१६ ।

13. Raniero Gnoli, *Nepalese Inscriptions in Gupta Characters*, pt. I (Text) (Instituto Italiano per Il Medico Ed. Estremo Oriente, 1956) Inscription No. 77, P. 107.

१४. हरिराम जोशी, **पूर्ववत्**, पृ. ५३० ।

15. D. R. Regmi, *Op. Cit.*, P. 22.

१६. धनबज्र बज्राचार्य, **पूर्ववत्**, पृ. ३७४, संख्या ९१ को अभिलेखको मूल पाठ ।

१७. **अभिलेख संग्रह**, पहिलो भाग, इतिहास संशोधन मण्डल ।

१८. धनबज्र बज्राचार्य, **पूर्ववत्**, पृ. ४०७–४०८, ४२३–२४, ४४२–४३, ४६३–६४ ।

१९. ऐजन, पृ. ४७५ ।

२०. गौतमबज्र बज्राचार्य, 'वृजिकरथ्या' **पूर्णिमा**, पूर्णाङ्क ६, इतिहास संशोधन मण्डल । पृ. ७–१४ ।

२१. लोकमणि दहाल,'किरात जाति', **मधुपर्क**, वर्ष १३, अङ्क २, गोरखापत्र संस्थान, २०३७, पृ. १२९ ।

22. K. D. Jayasawal, *Hindu Polity* (Banglore: The Banglore Printing and Publishing Co., Ltd., 1978) P. 63.

२३. डा. पाण्डुरङ्गवामन काणे, **धर्मशास्त्रका इतिहास**, अर्जुन काश्यप चौबे अनूदित(तृतीय भाग) (लखनऊ: हिन्दी समिति, सूचना विभाग, १९६५) पृ. ६४१ पाद टिप्पणी ।

24. Monier M. Williams, *A Sansakrit English Dictionary*, (Delhi : Oriental Publishers) P. 1072–1073.

२५. डा. देवसहाय त्रिवेद, **प्राङ्मौर्यबिहार**, (पटना : बिहार राष्ट्र भाषा परिषद्, प्रथम संस्करण, वि. सं. २०११) पृ. ४२ ।

२६. ऐजन, पृ. ४९ : बिल सम्पादित, **बुद्धिस्ट रेकर्ड अफ वेष्टर्न वर्ल्ड**, भाग २, पृ. ७२ को आधारमा ।

27. Iman Singh Chemjong, *History and Culture of the Kirat People*, (3rd Edition, 1966) P. 19.

28. George Buhler, Indian Palaeography (New Delhi : Oriental Books Reprint Corporation, 1980) P. 74.

29. R. C. Majumdar (Edt.), *The Vedic Age*, (London : George Allen and Unullen Limited, Third Impression, 1957) P. 279.

३०. ऐजन ।

31. M. K. Sharan, *Tribal Coins A Study* (New Delhi : Abhinav Publications, 1972) P. 46.

32. K. P. Jayasawal, *Opt. Cit.*, P. 68.

33. *Ibid.*, PP. 63–64.

34. M. K. Sharan, *Opt. cit.*, P. 64.

35. K. P. Jayasawal, *Opt. cit.*, P. 68.

36. M. K. Sharan, *Opt. cit.*, P. 37.

३७. धनबज्र बज्राचार्य, **पूर्ववत्**, पृ. ९२–९३ ।

३८. ऐजन, पृ. ४६४–६५ ।

राजकुमार नायब बहादुर शाह र उनले बाँधेका स्थिति

— ज्ञानमणि नेपाल

जुन बेला देशको शासनव्यवस्था असल कर्मठ शासकको हातमा जान्छ, त्यस वेला जनतामा पनि उत्साह-शक्ति बढेर आउँछ, कार्यदक्षता पनि प्रकाशमा आउँछ र विद्याको विद्वान्को कदर हुन्छ । कार्यको मूल्याङ्कन भयो भने नै मानिसले आफ्नो उत्साह, जाँगर र शक्ति प्रदर्शन गर्ने अवसर प्राप्त गर्दछ । यसरी असल शासन व्यवस्थामा देशले सर्वाङ्गीण विकास हुने मौका पाउँछ, यस्तो अवस्था-मा देश आफ्नो प्रभाव फैलाउन र क्षेत्रफल बढाउन मात्र होइन,आफ्नो कीर्तिपताका फिजाउन पनि सक्षम हुन जान्छ । यस्तो अवसर इतिहासकालमा यदाकदा मात्र देशमा आएको अनुभव हुन्छ ।

नेपालको इतिहासमा लिच्छविकाल उन्नत मानिन्छ । यस कालमा भएका कतिपय शासकहरूले देशको अभिवृद्धि मात्र गरेनन्, देशको आन्तरिक व्यवस्था बाँधी समृद्धि बढाउने काम पनि गरे । मानदेव देश बढाउन र एकता कायम गर्न अघि बढेका थिए भने, अंशुवर्मा देशको वरबन्दोबस्त बाँध्नमा दत्तचित्त थिए । देशका जनतालाई सुविधा दिने खालका अनेकौं शासनपत्र उनले प्रसारित गराएका थिए । उनले आफूलाई हरबखत जनताको स्थिति व्यवस्था बाँध्नमै दत्तचित्त भएको साबित गर्न खोजेका थिए । यसैले प्राचीन इतिहासमा उनको नाम चम्किरहेको छ ।

पूर्व मध्यकालमा नेपालमा संकुचितता र संकीर्णता-ले घर जमायो । देश टुक्रिएको मात्र होइन यसको शासन व्यवस्था पनि खलबलिएको थियो । यसै अवस्थामा स्थिति मल्लको उदय एक नयाँ युगको सूत्रपात गर्न समर्थ हुन्छ । उनले देशलाई आन्तरिक औ बाह्य कलहबाट पनि उकास्ने प्रयास मात्र गरेनन् अनेकौं स्थिति व्यवस्था बाँधेर आफ्नो नाम सार्थक पनि गरे । यसपछि देश बढाउने काम नगरे पनि स्थिति बाँध्नेमा र जनताको सुखदुःख हेर्नेमा यता महेन्द्र मल्लको नाम आउँछ भने उता गोरखाका राजा रामशाह-को नाम स्थिति बाँध्नेमा अग्रणीका रूपमा रहेको छ । स्थिति मल्लका स्थिति र रामशाहका स्थिति प्रकाशित औ प्रचारित भइसकेका छन् ।

आधुनिक नेपालको निर्माणमा ठूलो योगदान गर्ने बडामहाराज पृथ्वीनारायण शाहको संपूर्ण जीवन देशको एकीकरण गर्ने काममै व्यतीत भयो । उनको अरू बाईसी चौबीसी जित्ने महत्त्वाकांक्षा बाँकी नै थियो । त्यसपछि देश-को आन्तरिक स्थिति सुधार्ने बाह्र हजार स्थितिबन्देज बाँध्ने धोको पनि उनको थियो । परन्तु कालले पर्खेन, असमयमै बाउन्न वर्षको उमेरमै उनको स्वर्गारोहण भइगयो । एकीकरणको अभियान पूरा हुन बाँकी नै रह्यो । स्थिति-बन्देज बाँध्ने काम पनि पूरा भएन ।

पृथ्वीनारायण शाहको शेषपछि केही वर्ष एकी-करणको अभियानमा शिथिलता आयो । यद्यपि बाबु जस्तै

विजिगीषु प्रकृतिका षाड्गुण्य खेल्न सक्ने बहादुर शाह थिए, तर दाजु भाउजुसंग पनि उनको राय फाटचो र उनले परदेशमै धेरै समयसम्म लरखरिई रहनुपऱ्यो । आखिर संवत् १८४२ मा राजेन्द्रलक्ष्मीको मृत्यु भएपछि नेपाल आएर रणबहादुर शाहको नायब बनी उनले शासन सूत्रको बागडोर आफ्नो हातमा लिएर पुनः पूर्ववत् विजयाभियानको कार्य चालू गराए । पूर्व विजय भएर विजयपुर राज्यको किरातप्रदेश बाबुकै पालामा नेपालमा सम्मिलित भइसकेको थियो, यसको सीमाना बढाएर टिष्टासम्म ठेगाउने काम भयो भने उत्तर बढेर तिब्बतमा प्रभाव जमाएर दिगर्चा दखल गर्ने काम पनि भयो । पश्चिममा बाईसी चौबीसी राज्य नेपालमा गाभ्ने र कुमाउ गढवाल विजय गर्ने काम पनि पूरा भयो । बहादुर शाहको ६-७ वर्षको शासनकालमै यति काम पूर्ण हुन आयो । नेपालको इतिहासमा यो समय अत्यन्त उत्कर्षको थियो । न यसबेला केही आन्तरिक कलहले ठाउँ पायो न अब्याहतगतिले बढेको विजयाभियानमा कतै रोकिने स्थिति आयो ।

पृथ्वीनारायण शाह आफ्नो जीवनकालमा नेपालदूनका तीन राज्य र पूर्वका तीन सेनराज्य जित्न समर्थ भएका थिए । बाईसी चौबीसी राज्यलाई नजिती नछोड्ने उनको अभिप्राय भए पनि यो काम उनको जीवनकालमा संभव भएन, बाह्र वर्ष जतिपछि बहादुर शाहको नायबी कालमा यो काम एक्कासी आएर तीव्र गतिले सफलता प्राप्त गर्दै अघि बढ्यो ।

यस सन्दर्भमा बहादुर शाहको खुबी उनको राजनैतिक सुझबुझलाई जति तारिफ गरे पनि कम हुन्छ । यहाँनेर पृथ्वीनारायण शाहले देश विजयमा लिएको नीतिको बारेमा अलिकति समीक्षा गर्ने आकांक्षा हुन आउँछ । पृथ्वी नारायणले जति पनि राज्य जिते, तिनमा पूर्ववर्ती राजाको कुनै अधिकार औ शक्तिलाई बाँकी राखेनन्, उनले जितेका छवटै राज्यमा उनको एकाधिकार रह्यो । उनले पूर्ववर्ती राजाहरूको सामन्तीपन बाँकी राख्नु त परै जाओस् कुनै किसिमको लागदावीसम्म पनि बाँकी रहन दिएनन् । बहादुर शाहले भने जोरी खोज्ने जतिसंग लड्ने, तिनको गाथगादी हर्ने गरे पनि शरण पर्ने र संबन्ध परेका राजाहरूको राज्य सिंहासन थामिदिने नीति लिएका थिए । यसै नीति अनुरूप पाल्पा लगायत कतिपय पश्चिमी राजाहरू सामन्तको रूप प्राप्त गरेर हालसम्म पनि कायम रहिरहे ।

पृथ्वीनारायण शाहभन्दा अघि अर्थात् पूर्व मध्यकालदेखि नै राज्यमा राजाका सबै राजकुमारहरूको लागदावी हुन्छ भन्ने भावनाले जरो गाडी राखेको थियो, राज्य सिंहासन बाबुपछि जेष्ठभागी हुन्छ भन्ने धार्मिक मान्यता कायम भएकै भए तापनि व्यवहारमा भने यसको त्यति प्रयोजन मानिएन । कि त राजकुमारहरू राज्यमा सबै मिलेर शासन गर्दथे कि बाँडेर राज्य सञ्चालन गर्ने गर्दथे । यस्तो अवस्थामा कति वेला आन्तरिक संघर्ष चल्दथ्यो कति वेला मारकाटका घटना पनि घट्न आउँथे ।

उपर्युक्त कुराबाट पाठ सिकेका पृथ्वीनारायण शाह राज्यमा एकाधिकार पारेर जेष्ठभागीको नियम चालू राख्न चाहन्थे, उनका भाइहरूले भने पुरानो मध्यकालको परम्परा अनुरूप सबै भाइले विजित राज्यको सिंहासनमा अधिकार पाउनुपर्छ सबैले बाँधेर राज्यको उपभोग गर्नुपर्छ भन्ने चाहना राखिराखेका थिए । पाटन, भादगाउँ जित्नेबित्तिकै भाइहरूसंग उनको यस विषयमा खटपट परिहाल्यो । भाइहरूको कुरालाई ठेउलाएर उनले एकीकरणमा बाधा पर्ने कुरा स्वीकार गरेनन् । यसै कारण आफ्ना ससुरालीको राज्य सिंहासन लिएपछि कुनै माया मोलाकाज नगरी त्यहाँका सबै साला जेठानलाई कैदमा राखेका थिए भने भादगाउँको राज्य जितेपछि पनि मित बाबुको मोलाकाज नगरी उनलाई काशी पठाइदिएका थिए । सिंहासन कायम राख्ने र सामन्ती रूप दिने कुरामा उनी सहमत नभएको भन्ने कुरा यताबाट प्रकट हुन्छ । त्यसो गर्दा पहिलेको जस्तो विखण्डन आउने औ सङ्घर्ष बढ्ने कुरा उनले झलझल्ती देखेका हुनुपर्छ । बहादुर शाहले भने यस नीतिमा अलिकति परिवर्तन ल्याए । अलिकति उदारताको नीति अपनाए । एक त अब नेपाली शक्तिलाई हाँक दिन सक्ने शक्ति बाईसी चौबीसीमा रहेन । सामन्ती रूपलाई मान्यता दिने नीति स्वीकृत हुने बित्तिकै हात्तीहौवा बाईसी चौबीसीमा धेरै राज्य आश्रित हुन आउने र तिनको सहयोग सहायताले अरू अविजित प्रदेश जित्ने बाटो सजिलोसंग खुल्ने हुँदा उनले यो नीतिमा उदारता लिएका थिए । चौबीसी राज्यमा पाल्पा राज्य बलियो मानिन्थ्यो । सो राज्यसंग आफ्नो वंशी वासको बसाइले र नाता सम्बन्धले पनि

बहादुर शाहको आत्मीयता बढेको थियो। उसलाई सामन्तको दर्जामा राखेर उसको सहायताले पर्वत आदि राज्य जित्न उनलाई सजिलो पनि परेको थियो। यसै अनुरूप अरू कति राज्यहरू नेपालमा आश्रित बनी रहे।

खण्डित नेपालका यी विभिन्न राज्यमा विभिन्न रीतिस्थिति चालचलन हुनु स्वाभाविक थियो। यिनमा करप्रणाली पनि एकनासको थिएन। नयाँ नयाँ जितिदै आएका यी सबै राज्यहरूमा झारा बेठ बेगार र रकम लिने तरिका पनि मिलाउन जग्गा जमीनको नापी नक्सा गर्नु पनि आवश्यक हुन आयो। त्यस बेला राज्यको एक मात्र आमदानी हुने ठूलो स्रोत जग्गाकर नै थियो। जग्गा परिमाण पनि धेरैजसो कुनै अनुमानका र कुनै किसानको भरमा खुर्पा ढ्याकका आधारमा पनि आश्रित थियो, धेरैजसो बीऊ बिजनको आधारमा। बीऊ बिजनको परिमाणले जग्गाको परिमाण बुझिने परम्परा ज्यादै पुरानो हो। यसैले कुल्यवाप, रोपनी, मुरी आदि नाम जग्गाको परिमाण बुझाउन प्रयुक्त हुन आएका हुन्। हालसम्म पनि नेपाल राज्यका पाखा बारी बिजनका हिसाबले रकम ठेगिएका छँदैछन्। हाल नापी भएका ठाउँमा चाहि यो प्रथा तोडिदैछ।

बहादुर शाहलाई युद्ध खर्चका लागि धनको धेरै आवश्यक पर्‍यो। उनका पालामा माथि भने जस्तै चारै दिशामा लडाइँ चलिरहेको थियो। विजित राज्यमा नयाँ व्यवस्था बाँध्नु थियो। नयाँ जागीरदार भर्ना गर्नु पनि थियो। यसैले उनले जग्गा जमीन नापी गरी अबल, दोयम, सीम, चहारका रूपमा दर्ता गरी चारै किसिमको कर ठेगी लिने प्रथा कायम गर्न शुरू गरे। धेरै पहिले जितिएको ओल्लो किरातमा अर्थात् सांगापूर्व दूधकोशी पश्चिमको इलाकामा सं. १८४८ मा नापी टोली खटाई पठाए।[1]

बहादुर शाहले जग्गा नापी गर्ने जग्गा अनुसार नरम करम मिलाई रकम कलम ठेग्ने जुन पद्धति चलाउन लागे, यसमा उनले निकै ठूलो विरोधको सामना गर्नु परेको थियो। एक त सानो तिनो नगण्य सरकारी रकम तिरेर भोग चलन गरिरहेको जग्गामा नापी गरी जग्गाको निश्चित परिमाण अनुसार रकम लिंदा संभवतः बढी पैसा तिर्नुपर्ने नै भयो। बढी पैसा तिर्नुपर्दा जनतामा संतोष नहुनु त छँदै थियो। अर्को कुरा धर्ती माताको अन्त्य लिनुहुँदैन। नापी गरेर परिमाण लिनु भनेको धर्ती माताको अन्त्य लिएको ठहर्दछ भन्ने विश्वास साधारण जनतामा मध्यकालदेखि जमिआएको थियो। बहादुर शाहको पालासम्म यस्तो विरोधको कुरा जनस्तरबाट भारदारका तर्फबाट उठ्यो उठेन ? उठे तापनि यसले प्रकट रूप लिन सकेको देखिदैन।

उनको अधिकार खोस्न र खोसिएपछि भने उनका विरोधमा सरकार तर्फबाट पनि धेरै कुरा भए। जनस्तर-बाट पनि यही धर्तीमाताको अन्त्य लिएको पाप उनलाई लागेको हो भन्ने कुरा उठाइयो। वंशावलीकारले यसै कुरालाई अघि सारेर उनको विरोधको कुरा लेखेको छ।[2]

यसरी देशको आन्तरिक व्यवस्था बाँध्नमा पनि उनी दत्तचित्त थिए भने देश विजयको अभियान पनि चलाएका थिए। दिगर्चा जितेपछि भोटको अर्पोलमा पेचिनबाट बादशाहले टुङ्ग्याङको नेतृत्वमा एक सैनिक दल पठाएका थिए। पहिले चीनी सेनासंग नेपाली सेनाको मुठभेड भए पनि पछि गएर मिलाप भयो, तर नेपालको उत्तरी सीमा निश्चित गरियो। अब नेपालको भोटतर्फ बढ्ने आशा चाहि हरायो। आर्थिक दृष्टिले पनि नेपाल-को केही हानि नै भयो। भोटबाट चाँदी ल्याएर नेपाली मुद्रा ढालेर भोटमा प्रचलन गर्ने प्रथामा पनि प्रतिबन्ध लाग्यो। यसबाट सरकारी कोषमा हुन आउने आमदानी-मा घाटाको वेपारको बढोत्तरीबाट पूर्ति हुने भएकोमा सन्तोष भयो, औ उता भयो। चीन बादशाहसंग प्रत्यक्ष सम्बन्ध भएर सौगातको आदान-प्रदान हुने परिपाटीले नेपालले गौरवकै अनुभव गर्‍यो। सम्झौता पछि रणबहादुर शाहले युद्धमा विजय प्राप्त होस भनी गरेका भाकल पूरा गर्नतर्फ बहादुर शाह लागे। यसै सिलसिलामा नुवाकोटको भैरवी मन्दिरमा सुनको छाना ढोका हाल्ने काम गर्न उनी सं. १८४९ फागुनमा नुवाकोटमा गई बसेका थिए। यसै बेला उनले अब आफ्नो टिष्टादेखि गढवालसम्म फैलिएको नेपालको आन्तरिक व्यवस्था बाँध्न शासन व्यवस्था सुचारुरूपले चलाउन

केही स्थिति बन्देजका कुरा बाँधेका छन् ।[3] उनको यो स्थितिको कागज अत्यन्त छोटो छ, तर पनि भरसक भन्नु-पर्ने कुरा सबै पार्न खोजिएको छ । यसबाट एक त बहादुर शाहको मनोभावनाको बोध हुन्छ, दोस्रो उनले जग्गाको पैदावार बढाउन जग्गाको नापी गराएर नरम करम मिलाएर कर लाएकोले वंशावलीमा उल्लिखित धर्तीमाताको अन्त्य लिए भन्ने कुराको पनि पुष्टि हुन्छ ।

सं. १८४९ फागुन वदि ४ रोज ४ मा नुवाकोट व्यासीको त्रिशूलीको किनाराको सेरा दरबारमा बसी यो स्थितिबन्दोबस्तको कागज लेखाएका थिए । यसपछि राजा रणबहादुरसंग उनको मत मिलेन । बहादुर शाहको चलनचाँजामा चल्न नचाहँदा रणबहादुरले काकालाई राज-काजबाट अलग गर्न चाहे । आखिर बहादुर शाह राज्य-कार्यबाट अलग्गिएर ढाक्रे भई बसे । ढाक्रे भई बस्दा पनि उनको दरबारमा भारदारीमा आदरसत्कार बढी भएको र उनको प्रतिष्ठाले सबैतिर ढाकेकोले असहिष्णु भई रण-बहादुर शाहले उनीसंग राज्यसञ्चालन गर्दाको ७ वर्षको आम्दानी खर्चको हरहिसाब मागे । यत्रो विशाल नेपाल निर्माण गर्दा चौतर्फका प्रतिवर्ष घटेका सन्धि, विग्रहमा भएको खर्चको फाँटवारी पेश गर्नु संभव थिएन । यस्तै निहुँ र कान्तवतीको कारणले पनि विरोध बढ्दै जाँदा रणबहादुरले काकालाई कैद गरे । ४ महीना जति कैदमा रही धेरै कष्ट पाएर १८५४ आषाढमा बहादुर शाहले प्राण छोडे । बहादुर शाहको मृत्यु कसरी भयो यो आज-सम्म रहस्यै भएर रहेको छ ।

बहादुर शाहलाई कैदमा राखी १८५४ को बैशाख-मा अम्बालाई पठाएको पत्रमा रणबहादुर शाहले बहादुर शाहका उपर बाह्रवटा अभियोग लगाएका छन् ।[4] परन्तु तीं सबैजसो अभियोग काल्पनिक खालका पुराना भइसकेका छन् । तिनमा धेरैजसो आफू र आफ्नो आमालाई दगा गरेको, मान नराखेको थियो भन्ने खालका छन् । भोटसंग युद्ध गऱ्यो, फिरंगीसंग मेल राख्यो भन्ने कुरा पनि उल्लि-खित छ । तर षाड्गुण्य खेल्नेका लागि सन्धि विग्रहका कुरा अवस्था र औसर माफिक हुने हुँदा रणबहादुरका अभियोग त्यति सार्थक लाग्दैनन् । रणबहादुर उपर साँच्चै उनले दगा गर्न खोजेका भए आफू सर्वशक्तिमान् भएका बेला जसरी पनि गर्न सक्ने थिए । यसकारण यी काल्पनिक थिए भन्ने अनुमान हुन्छ । बहादुर शाहको मृत्युपछि चीन-तर्फ पठाएको पत्रमा विराम परेर त्यसैका तासिरबाट बहादुर शाह बिते भन्ने कुराको उल्लेख रणबहादुर शाहले गरेका छन् । थुनेका बेला पठाएको पत्रमा उनका उपर धेरै रीसरागका कुरा उकेलिएका भएपनि मृत्यु उप्रान्तको पत्रमा भने धेरै सहानुभूति व्यक्त गरिएको देखिन्छ । विराम पर्दा जेलबाट निकाली औषधोपचार गर्दागर्दै केही नलागी दैवइच्छा त्यस्तै हुँदा कालगतिले परलोक भए भनी लेखिएको छ ।[5] चार महीना जति नजरबन्द भई १८५४ साल आषाढमा बहादुर शाहले आफ्नो गलामा पासो बाँधी संसारलाई छोडिदिए भन्ने कुरा इतिहासमा प्रसिद्ध छ । बहादुर शाहले अनशनद्वारा प्राण त्याग गरे भन्ने कसैको मत छ । फेरि कसैले यिनको रणबहादुरको हात-बाट मृत्यु भएको हो भनी भनेका छन् ।[6]

बहादुर शाहको अवसानले नेपालको एक सुनौलो युगको अन्त्यको श्रीगणेश गऱ्यो । बहादुर शाह एक सच्चा देशभक्त मात्र थिएनन् देशको परिस्थितिलाई राम्ररी बुझेका एक नीतिकुशल पनि थिए । उनमा पृथ्वीनारायण शाहका पुत्रमा हुनुपर्ने धेरै गुण विद्यमान थिए । आफ्ना बाबुले उठाएको एकीकरणको अभियान उनले सर्वथा पूर्णतामा ल्याए । उनको छोटो शासनकालमा आन्तरिक कलहले कुनै स्थान पाएन । सबै भाइभारदार एकमत एक जुट बनी देश विजयको महान् यज्ञमा होमिइरहेका थिए । सातवर्षको उनको शासनकालमा पूर्व कनकाईबाट बढेर सुखीमको पहाड मधेश जिती टिष्टा साँध लाग्यो भने पश्चिममा यमुना साँध लागेको थियो । बाईसी, चौबीसी, कुमाउ, गढवाल राज्य जितेर नेपालको एकीकरणलाई उनले पूर्ण पारे । यो उनको देनलाई कहिल्यै विर्सिइने छैन । औं उनको महत्त्व कम आँकेर लेखिनेछैन । परन्तु कतिपय इतिहासकारहरूले एक अभिनिवेशमा लागेर बहादुर शाह जस्ता एकीकरणको राष्ट्रिय अभियान सफल पार्ने देशभक्त राजनीतिज्ञलाई राष्ट्र विरोधीको रूपमा र राजनीति परिस्थितिलाई पर्गेल्न नसक्ने तीन खण्डको एक खण्ड देश गुमाउने भीमसेन थापालाई राष्ट्रिय विभूतिका रूपमा चित्रण गर्ने प्रयास गरिरहेकाले यी इतिहासका पात्रका बारेमा यथार्थ कुरा जान्नु बुझ्नु पनि परेको छ । बहादुर शाह राजनीतिमा मात्रै कुशल

होइनन्, प्रशासनको काममा, देशको आर्थिक स्थिति सुधार्नमा र न्याय-निसाफ दिलाउनमा पनि दत्तचित्त थिए।

उनले प्रथमतः पहिले जितिएको सांगापूर्व दूधकोशी पश्चिमको पहाडी प्रदेशमा नापी गराउने र मालपोत ठेग्ने काम गरे। यो उनको देशको आम्दानी बढाउने प्रथम प्रयास थियो। २० मुरी माटाको अवल जग्गामा रू. ४, दोयममा रू.३ सिममा रू.२ रकम लाइएको छ। लालमोहर स्याहानोहरमा नदेखिएका त्यसै मयावी खाइरहेका जग्गाहरू जफत गरेर लिने र सरकारी गराउने यसमा मुख्य कुरा किटिएका थिए।

चीन युद्धताका उनले नेपाली सैनिकलाई तीव्र रूपमा बढाउन थालेका थिए। विदेशबाट विशेषज्ञ झिकाई आफ्ना सैनिकलाई तालीम दिने, हातहतियार गोली गट्टा-हरूको कारखाना खोल्ने काम पनि गरेका थिए। मेगजिन बारूदखाना आदिमा काम गर्नेहरूको तलब भत्ताको पनि व्यवस्था बाँधेका थिए। विशेष कुरा त्यस्ता कामदार कुल्लीहरूको कामको समय तोकिदिएका र विदाका दिन पनि निश्चित गरिदिएका थिए।[7] विदाका दिन पर्वतेहरू-का र नेवारहरूका छुट्टाछुट्टै गरिदिएका थिए। नेवारहरूका स्थानीय चाडपर्व र जात्रामात्रामा गरी विदाका दिन बढी परेका थिए। यसरी उनी देशको आर्थिक स्थिति बढाउने सैनिक शक्तिलाई तीव्र पार्दै लैजाने, शस्त्रास्त्रका नयाँ नयाँ कारखाना खोल्ने, नयाँ नयाँ सैनिक भर्ना गर्ने, देशको न्याय-व्यवस्थामा सुधार ल्याउने आदि काममा दत्तचित्त हुँदै थिए। यस्तैमा राजा रणबहादुर शाहको उमेर बीस वर्ष पुगिसकेको थियो। अब उनले राज्यको भार आफै बोकी बहादुर शाहलाई नायबीबाट वर्खास्त गरे। बहादुर शाह पनि आन्तरिक वा बाह्यतिर नलागी राज्यकार्यबाट अलग्गिएर बसे, तरपनि उनले धर पाएनन् र नानाभाँती लान्छना लागेर अपमानित ढङ्गले जेलमा परे। आफू खुशी भएका राजाले वास्तवतीलाई ल्याएपछि त काका भतिजामा झन् मनोमालिन्यको वृद्धि भयो[8] र कैदमा पर्नु मात्रै होइन आखिर उनले आफ्नो ज्यानै गुमाउनु पऱ्यो।

यसरी इतिहासका पानामा यस्ता वीर देशभक्तहरू शहीद बनेका उदाहरणहरू धेरै छन्। तिनमा पूर्वाग्रही दृष्टिकोण नराखी निष्पक्ष रूपले हामीले विचार गर्न सक्नुपर्छ। बहादुर शाहले गरेका उपर्युक्त क्रियाकलापका बारेमा त धेरै हामीले सुनिसकेका पनि छौं। मुख्य उनले बाँधेका स्थितिका बारेमै अहिले छलफल गर्नुपरेको छ। उनले बाँधेको सो स्थिति उनका नामबाट अलग्गिएर धेरैकाल त्यसै पडिरह्यो। पछि सम्भवतः अंग्रेजसंगको युद्धमा हार खाएपछि पुराना कुराको संझना हुन लाग्यो। यसै सन्दर्भमा बहादुर शाहका साथमा रही उनका स्थितिका कुरा टिपिराख्ने सुवेदार धर्मसिंहले यो स्थितिको कागज श्री ५ मा टक्चाएका थिए। सो पनि त्यसै गुप्त भइरहेकोमा हाल परराष्ट्र मन्त्रालयको सौजन्यबाट प्राप्त गरी पाठकका सामु प्रस्तुत गर्दैछु र पहिले यसका बारेमा अलिकति विश्लेषण पनि गर्न चाहन्छु। पृथ्वीनारायण शाहको उपदेश जस्तै हुँदा यसलाई बहादुर शाहको उपदेश भने पनि हुन्छ।

यसमा सर्वप्रथम राजाको काम कर्त्तव्य औंल्याउँदै दिनचर्याको वर्णन गरिएको छ। यो कुनै शास्त्रको आधार-मा बोलिएको नभएर उनको आफ्नै अनुभवका आधारमा व्यक्त गरिएको विचार हो भन्ने बुझिन्छ। राजाले दिनरातमा के कति काम कसरी कुन कुन समयमा गर्नुपर्छ भनी तोकेर आचार्य कौटल्यले लेखेका छन्। त्यसमा दाँजेर हेर्दा बहादुर शाहको भनाइले प्रायः मेल खाँदैन। कौटल्यले लेखेको र बहादुर शाहले बोलेको राजाको दिन-चर्याका बारेमा दाँजेर हेर्नु प्रासङ्गिक होला भनी पहिले त्यसै गर्दछु।

कौटल्यले लेखे अनुसार राजाको दिनचर्या यस प्रकारछ–

"उद्योगी राजाका कर्मचारीहरू पनि उद्योगी नै हुन्छन्, बेहोसी राजाका कर्मचारीहरू पनि बेहोसी नै हुन्छन् र काम पनि सबै बिगारिदिन्छन्। अनि वैरीहरू-द्वारा ठगिन्छन् पनि। त्यसकारण राजाले उद्योगी जाँगरिलो हुनू। बिहान सबेरै बाजाको आवाजसंगै उठी आफ्नो कर्त्तव्यको विचार गर्नू।"

'३ बजेदेखि ४.३० बजेसम्म मन्त्रीसंग सरसल्लाह गर्नू र जासूसहरू खटाउनू।'

"४.३० बजेदेखि ६ बजेसम्म ऋत्विक् आचार्य पुरोहितद्वारा शान्तिस्वस्तिको वाचन गर्नू र वैद्य ज्योतिषी भान्सेसंग बसी शरीरको आराम-विराम, शुभाशुभ, खाना-

पिनाको कुराको पनि सल्लाह गर्नू । गाई,वाच्छा, बहरको पनि प्रदक्षिणा गरी सभामा जानू ।''

''६ बजेदेखि ७.३० बजेसम्म देशको शान्ति,सुरक्षा र आमदानी खर्चको कुरा सुन्नू ।''

''७.३० देखि ९ बजेसम्म रैति दुनियाँका मुद्दा हेर्नू ।''

''९ देखि १०.३० सम्म नुहाइ धुवाइ गर्नू र खाना खानू, स्वध्याय पनि गर्नू ।'

''१०.३० देखि १२ बजेसम्ममा नगदको हिसाब लिनू र हाकिमहरूसंग भेट्नू ।''

''१२ बजेदेखि १.३० बजेसम्म मन्त्रिपरिषद्संग पत्र पठाएर सल्लाह गर्नू । जासूसमार्फत गुप्तिकुराको जानकारी लिनू ।''

''१.३० देखि ३ बजेसम्म आराम गर्नू वा सरसल्लाह गर्नू ।''

''३ देखि ४.३० सम्म हात्ती, घोडा, रथ, सैन्यको हेरचाह गर्नू ।''

''४.३० देखि ६ बजेसम्म सेनापतिका साथमा युद्धसम्बन्धी विचार गर्नू । साँझमा सन्ध्यामा बस्नू ।''

''६ देखि ७.३० सम्म जासूसहरूसंग भेट्नू ।''

''७.३० देखि ९ बजे सम्ममा स्नान, भोजन र स्वाध्याय पनि गरिसक्नू ।''

९ बजे बाजाका साथमा सुतेर ३ बजे बाजाका साथमा उठ्नू । अथवा आफ्ना जीउको शक्तिबल विचार गरेर उपर्युक्त कार्यतालिकामा फेरवदल गरेर काम गरे पनि हुन्छ'' भन्ने कुरा कौटल्यले लेखेका छन् ।[9]

बहादुर शाहले बताएको राजाको दिनचर्या–

४ घडी दिन चढ्दा ओछ्यानबाट उठ्नू ।

१२ घडीसम्ममा स्नान, पूजा, भुजा पनि गरिसक्नू ।

६ घडी अर्थात् १२ देखि १८ घडीसम्म सुत्नू ।

२ घडी अर्थात् १८ देखि २० घडीसम्म मन्त्रि–भारदारहरूसंग एकान्त सल्लाह गर्नू ।

२० देखि २९ घडीसम्म ९ घडी कचहरीमा बस्नू, देशदेशावरको कुरा बुझ्नू ।

३० घडी अर्थात् साँझमा सन्ध्या गर्नू ।

बेलुका ४ घडी रात जाउन्जेलसम्म फेरि मन्त्री भाइभारदारसंग बसी कचहरी गर्नू ।

कौटल्यको दिनचर्या जति व्यापक औ विस्तृत दुर्धर पनि छ, त्यसको लेखा बहादुर शाहको दिनचर्या संक्षिप्त औ सरल पनि छ । बहादुर शाहको यो भनाइ तात्कालिक प्रचलित राजाको दिनचर्यामा केन्द्रित भएको बुझिन्छ । कौटल्य राजाले सबारै तीन बजे उठ्ने कुरा बताउँछन् भने बहादुर शाह छकालसम्म सुत्ने कुराको पुष्टि गर्दछन् । धर्मशास्त्र अनुसार पनि ब्राह्ममुहूर्त (पाँच घडी रात बाँकी छँदै) मै उठ्ने कुरा लेखिएको हुँदा बहादुर शाहको भनाइ धर्मशास्त्र, अर्थशास्त्र अनुरूप नभई रणबहादुर शाह सुहाउँदो थियो भने हुन्छ । अनि उनी १२ घडीसम्म पाठपूजा भुजामै बिताउने कुरा गर्छन् । त्यस बेलाको समाजमा बिहानभरी पाठपूजामा बिताउनु सबैको ग्राह्य, मान्य दिनचर्या थियो । अनि उनले राजालाई लामो समयसम्म कचहरीमा बसाल्ने प्रयत्न गरेका हुँदा सबै बाह्य आभ्यन्तर राजकाजका कुरा त्यसैमा सिध्याउन त्यसो गरेको अनुमान हुन्छ । उनका अनुसार दिउँसो नौ घडी र रातमा चार घडी राजाले कचहरीमा बिताउनु पर्ने देखिन्छ । दिउँसो डेढ घण्टा आराम गर्ने कुरा कौटल्य ले लेखेका छन् । बहादुर शाहले दिउँसो छघडीसम्म सुत्ने कुरा बताएका छन् । बहादुर शाहले धेरै समय मधेश मुगलानतिर बिताएका हुँदा दिउँसो सुत्ने बानीमा उनी स्वयं पनि परेका थिए भन्ने अनुमान हुन्छ । नभए ठण्डा पहाडी मुलुकमा दिउँसो सुत्नु कुनै जरूरी पनि होइन । धर्मशास्त्र अनुसार दिवास्वप्न एउटा ऐशको उदाहरण पनि हो ।

यसपछि हाकिम पगरी भर्ना गर्ने कुरा आउँछ । एक अड्डाका हाकिमको काम कारवाहीमा अर्को हाकिमको हस्तक्षेप बढ्न नदिने कुरा उनले लेखे ।

यसपछि किल्ला ठाना आड बनाउने कुरा आउँछ । यो कुरा पृथ्वीनारायणको उपदेशमा पनि पर्दछ । त्यस-बेलाको युद्धोन्मुख नेपालको लागि यी सबै कुरा अपरिहार्य पनि थिए ।

यसपछि न्यायनिसाफ दिने कुरा आउँछ। यसमा बहादुर शाहको कुरा बडो घतलाग्दो छ । आजभोलि नेपालको मुलुकी ऐनको पुस्तकको प्रस्तावनामा, "धर्म-शास्त्रले मात्र काम नचल्ने हुँदा यो ऐन बनाउनु परेको हो" भन्ने भावको कुरो लेखिएको छ । 'आजकल चल्याको रीतले अन्याय पर्छ, धर्मशास्त्रको रीत गरुँ भन्या मिल हुन्या छैन' भनी उनले भनेका छन् । यसबाट मुलुकी ऐन बनाउन श्रीगणेश गर्ने बहादुर शाह नै हुन् भन्ने कुरा देखिन्छ । ऐन बनाउँदा गुरु, पुरोहित, धर्माधिकार, धर्म-शास्त्र पढेका पण्डित, भारदार, भला मानिस, मरमहाजन राखी धर्मशास्त्रहरू र देशकाल परिस्थिति व्यवहार हेरी ऐनको तर्जुमा गर्नू, र ताँबापत्रमा लेखाइ राख्नू, सोही अनुसार अदालतका विचारीले मुद्दामामिला छिन्नू भन्ने कुरा पनि यस उपदेशमा उल्लिखित छ। अदालतमा निष्पक्ष व्यक्तिलाई तैनाथ दिनू । उसका तजवीजले जति जना आवश्यक पर्छ, त्यति जना विचारी नियुक्ति गर्नू र चार जना पण्डित सोह्र जना थरघर तैनाथ गरिदिनू । अदालतमा एक कम्पनी पल्टन खटाइदिनू र उसले अपराधीलाई पक्राउ गर्ने काममा मद्दत दिने व्यवस्था गर्नू भन्ने कुरा लेखिएको छ ।

हाकिमलाई नियुक्ति दिएपछि तीन वर्ष बाटो हेर्नू, राम्रो काम गर्नेलाई थमौति गरिदिनू । हाकिमहरूको जागीर खान्की निश्चित गरिदिनू र असल काम गर्नेलाई दर्जा बढाइदिनू, खान्की नबढाउनू भन्ने कुरा पनि उनले गरे । पृथ्वीनारायण शाहको उपदेशमा पनि यस्तै भावको कुरा व्यक्त गरिएको छ । भारदारलाई दौलत कमाउन नदिनू, दौलतमा ठूलो मोह हुन्छ, मेरा भारदारहरू शोख शयलमा लागेर आलसी भएनन् भने मेरो तरवार चारै खुटामा बज्नेछ भन्ने कुरा उनले बोलेका थिए । सोही अनुरूप बहादुर शाहको पनि मत छ र पहाड मधेशको जग्गा नापी गराई श्रेस्ता दुरुस्त गरी राख्नू र श्रेस्ता बमोजिम रकम लिनू बढी नलिनू भन्ने पनि उनको मत थियो ।

त्यसबेला मधेश तराई धेरै उजार थियो । तराई आबाद गुल्जार गराउने आम्दानी बढाउनका लागि इजारा-मा जग्गा नदिनू, जिमिदारी प्रथा कायम गर्नू भन्ने कुरा उनले बोलेका थिए । अरू आम्दानी खर्च समेतको व्यवस्था बाँधेका थिए । यस अतिरिक्त उनले पर्ती, बाझा टार जग्गा बिराउने लक्ष्य पनि राखेका थिए । यसै अनुरूप पूर्वको तुलिङटार र पश्चिमको अघौं फाँट (पोखरा) बिराउने कुरा उनले गरेका थिए । सिपाही भर्ना गरी जागीरमा जग्गा दिने र नपुगमा नगद दिने कुरा उनको थियो ।

रजौटाले दशैंमा दुइटा रांगो बुझाउने र फागु-पूर्णिमामा सितौं तिर्ने व्यवस्था गरेका थिए ।

विशेष कुरा पुरोहितलाई जजमानले नछोड्ने कुरा र आफ्ना पुरेत बाहेक अरूलाई जजमानले नपूज्ने स्थिति गराएका थिए । यो कुरा उनको धार्मिक भावनाले अभि-प्रेरित थियो । लालमोहर गर्दा चारजना मानिसका रोहबरमा गर्नू र गरेपछि त्यसको पालना पनि गर्नू भन्ने उनको विचार थियो । विजयपुरमा र भेरीपारका इलाकामा मात्र सुब्बा राख्ने अन्त नराख्ने उनको विचार थियो । हाकिमहरूलाई जुन जुन अधिकार दिई खटाइएको हुन्छ । तिनको सवाल लेखी काम कर्त्तव्य खुलाई खटाई पठाउने कुरा उनले गरे । बहादुर शाहका धेरै उपदेश बाबु पृथ्वीनारायण शाहका उपदेशकै अनुसरण गर्दछन् ।

न्याय निसाफ दिने, कर्मचारीलाई धन कमाउन नदिने, इमान्दारको दर्जा बढाइदिने, घूस खानेलाई दण्ड दिने इजारा (ठेक्का) मा मुलुक नलाउने, जग्गा बिराउने, बस्ती बसाई मुलुक अबाद गुल्जार गराउने आदि कुरा दुवै बाबु छोराका समान देखिन्छन् । बहादुर शाहका पालामा धेरै रजौटा भएका हुँदा उनीहरूबाट कर लिने कुरा आफ्ना राजा रणबहादुर शाहका काम कर्त्तव्यका कुरा हाकिम कारिन्दा भर्ना गर्ने कुरा उनका विशेष छन् । नेपालमा लिखित मुलुकी ऐनको व्यवस्था गर्ने कार्यको शुरूवात उनैबाट भएको थियो । शास्त्रले मात्र यो आधु-निक कालमा न्याय निसाफको कार्य गर्दा रीत नमिल्ने कुरा सर्वप्रथम उनैले बोलेका थिए । यो व्यवस्था बाँधेका दुई वर्षपछि उनी अपदस्थ भइगए । उनले आफूले चिताएका कुरा गर्न त पाएनन् । तर रणबहादुर शाहले जस्तोसुकै भएपनि केही केही दण्ड विधानका कुरा व्यवस्थित गरी ताँवापत्रमा कुँदाएर राखेको देखिन्छ । यस कार्यमा उनलाई काकाले बाँधेका व्यवस्थाको प्रभाव

परेको हुनुपर्छ । पछि तुम्लिङ्गटार अर्घौं फाँटमा विराउने जस्ता कार्य तीव्रताका साथ भए ।[10] यी योजना पनि बहादुर शाहकै बुद्धिकाउपज थिए । बहादुर शाहले भने जस्तै प्रत्येक हाकिम कारिन्दालाई सवाल लेखी काममा खटाइन्थ्यो । बहादुर शाहका विसिनसक्ला देश विजयका र देश विकासका कार्यले हाम्रा इतिहासमा उनी सधैं चिरस्मरणीय हुन जानेछन् । कतिपय विदेशी प्रभावित इतिहासकारहरूले उनलाई भीमसेन थापाभन्दा तल्लो दर्जामा होच्याएर राख्ने प्रयास गरे तापनि उनका कार्य र उनले बाँधेका स्थिति व्यवस्थाले उनी होचिदैनन्, उनका यी उपदेश पढेर उनका बारेमा पाठकहरू स्वयं जानकारी गर्न समर्थ हुनेछन् । त्यसकारण उनका केही पत्र र उनले स्थिति व्यवस्था बाँधी गरेको उपदेश पनि यथावत् प्रकाशित गर्न चाहन्छु ।

– १ –

बहादुर शाहले बाँधेका स्थिति
श्रीदुर्गाज्यू सहाये

स्वस्तिश्री सम्वत् १८४९ साल मिति फाल्गुन वदि ४ रोज ४ मा मुकाम नुवाकोट व्यासि कैफियत मुलुक सदर मोफसलका बन्दोबस्तको कागज–

मालिकले घरि ४ मा जागो हुनु घरि १२ मा सनान पूजा ज्यूनार गरि सक्नु. घरि ६ सम्म सुकला गर्नु. घरि २ मा भारदारसंग यकान्त गर्नु. घरि ९ सम्म कचहरि गर्नु. देसदेसान्तरको बात सुन्नु. बातका वाकिफ राषनु. घरि ३० मा संझ्याको दरसन् परसन् भयापछि बर्षास गर्नु. आफ्ना २ आराममा रहनु. रातको प्रहर १ सम्म कचहरि गर्नु. ताहा उप्रान्त कचहरि बषस गर्नु, दिनरातको दस्तुर येसै गर्नु.

चौतरिया काजि सर्दार षजान्चि डिठा जेठाबुढा खरिदार कप्तान सुवेदार द्वाऱ्या विचारि छेंभडेल इटा-चपलि टुसाल कपर्दार अडै यति पगरिलाइ आफ्ना आफ्ना काजमा जुदा जुदा गरिदिनु–

अर्को पगरिको काम अरूले नगर्नु. यति पगरिमा पनि जसलाई आषतियार गरि दिनु छ. उसैसंग बसि घटाई बढिया हुन्छ कि बढाई बढिया हुन्छ सो तजविज गरि वढि घटिको काम गर्नु.

नईपालमा एक किल्ला बलियो गरि बनाउनु. चौतरफका रस्तामा संधीसर्पन हेरि जगाविसेस किल्ला तुल्याउन्या ठाउँमा किल्ला बनाउनु. ठाना बनाउन्या ठाउंमा ठाना बनाउनु. आड बनाउन्या ठाउंमा आड बनाउनु. तेसमा जति किल्ला ठाना आड ठहर्छ. तेसमा जगेरा किल्लाको सम्भार विग्रचाको मर्मत र अर्घा पछिको रषवार गर्नु,

आजकाल चल्याको रितले अन्याये पर्छ. धर्म-सास्त्रको रित गरु भन्या मिल हुन्या छैन. तसअर्थ गुरु प्रोहित धर्म अधिकार अरू दुइ चार पण्डित भरदार थरघर भला मानिस माहाजन राषि सल्लाह गर्नु. देस अनसारको बेवहारसित सबै निसाफ अपराध माफिकको दण्ड तांवापत्रमा लेषनु. यउटा निको मानिसलाई अषतियार गरिदिनु. तेसले जतिवटा विचारि ठहराउँछ. तति गोटा विचारि राषिदिनु. चार पण्डित सोह्र जना थरघर तैनाथ दिनु. अदालयबाट डाक्दा सवैले जानु. जो जादैन तेस छेउ गुनागार लिनु. डाकनु बोलाउनु. पियादागिरि गर्नु यक कम्पनि निजामत राषिदिनु. ताक्सिर पऱ्यामा. हज्यूरमा निन्ति गरि तामापत्र बमोजिम तुम्बि गर्नु. यसो भया निसाफ पर्छ–

जसलाई पत्याई जौन कामको अषतियारि पगरि दिनु छ. तस्को वर्ष ३ सम्म बाटो हेर्नु. कामकाज बेसरि चलाउन दिनु. वर्ष ३ सम्मको बेवस्ता त सदर ठहऱ्यो भन्या बाहाल गरिदिनु. विसदर ठह-यो भन्या ताकित गरि दिनु–

पगरि पगरिको उचानिचा षानगिको सिरिस्ता बाधि दिनु. रिझाउन्यालाई हुदा बढाई दिनु. षानगि नवढाउनु–

पाहाड नेपाल मधेस जगा जमिन जाच गर्नु. जांचि आयाको फिरिस्ति सर्कारमा राषनु. जसलाई जगाजमिन दिनपऱ्या फिरिस्ति हेरि दिनु–

पाहाड नेपाल मधेसको जगा जगाविसेक रैबंदिदेखि सिवाय लिया आमिलकन तुम्बीह गर्नु–

तराई हाम्रो उजार छ. क्या अर्थ भन्या जगाको जिमिदार नहुदामा यवः गठ मूलुक येकैलाई ईजारा हुदामा हो. रैतिहरू काठमाण्डौं फिरायेद गर्न आवस भन्या टाढाको दर्वार हुदा दसविस रुपैया षर्च चाहिन्या तसअर्थ जगा नपाउन्याहरू इजाफ आमिनलाई दुइचार रुपैया दिई आमिन षुसि गराई बस्छन्. जगा पाउन्याहरू वेछवर भै देस जान्छन्. तस निमित्त जिमिदारी सिरिस्ता बांधनु. रैति छपर भया जिमिदारिको नोक्सान हुन्छ. मुजुकमा अन्याये भया जिमिदार फिराद गर्न आउन सक्छन्–

इजारा अमालि लाउदा जगा षापि नदिनु. छुटपुट गरिदिनु. जति वर्षको बडकरारि छ. ताहासम्म घटिबढि नदिनु. कवोलियत वमोजिम रतिभर नछाडि लिनु बढ्यापनि घट्यापनि इजारादारैको हो. कैल्ले नाफा हुन्छ. कहिले टुटा हुन्छ. तसअर्थ ईजारा लाउदा जगा जाचि मिनाहा गरि ठिका कौडि बांधि महिनाबाह्रको किस्ति बांधि माहाजन जामिन लिनु. किस्तिका मितिमा रुपैया नपुग्या सुत समेत लाइ दिनु–

दर्वारको जिनसि किनाराषर्च हात्तिसार कठमहल काट्ट गर्नु. तस्को यक गुनमास्ताहा षडा गर्नु.

दर्वारको ठूलो ठूलो षर्चका गुठ छुट्याइ राषनु मधेस र नेपाल षाडल्को चौतरफको जगा त आहा दुम षेत थोरै मुलुक ढेरै भयाको जगा षानि टक्सार येति थोक जाचि नगदि बाधनु.

दरोबस्त पाहाड र विह्राउन माफिकको जगा जाहा जाहा छ. तुपलुंटार अर्घुफाट समेत विह्राईकन सब जागिरमा हालनु. तेसले नपुग्या हुदि सिपाहि भारालाई नगदिमा दिनु–

कपरा किनारा अनाजको भाउ घटाउन वढाउनको जिनिसिको चौधरि षडा गर्नु–

हाम्रा राजमुलुकमा जति रजौटा थामियाका छन्. तिनीहरूको जगा विसेमा दसैको रागो र फागुका सलामिको कर लाउनु.

वर्न वर्नको पूज्य ब्राह्मन छुट्याइदिनु. आफ्ना पूज्यबाहेक जजमानले अर्कोलाई नपुजनु. ब्राह्मनले आफ्ना जजमान वाहिक अन्त पुजाउन नजानु–

सवै कामकाजको मोहोर हुदामा चारजना मानिस जाचन्या षडा गर्नु, उनेहेरूको जाचमा सदर ठह्र्यो भन्या मोहोर गर्नु. उनिहेरूले बदर ठहराया मोहोर नगर्नु.मोहोर भयापछि मोहोरको सहि थामनु. मोहोर नमान्यालाई तुम्विह गर्नु. मोहोरको वेहोरा काम पर्याको भया जाचन्या लाई तुम्विह गर्नु–

भारादारको दस्तुर बाधी दिनु. दस्तुरवाहिक घुस थाई मामिला विगार्नमा पर्या भन्या तुम्विह गर्नु–

विजैपुर र भेरिपार बाहिकमा सुब्भा नराषनु. ति सुब्भाहरूले षायाको मुलुकमा तिलंगा ढलेल सिपाहि राषनु. दुवान्या हाल्याको जगा जति छ. जाविकन ईजारामा लाउनु.

मुलुकको बस्दोवस्तकन भारदारलाई पट्टि पट्टि छुट्याई दिनु बोर गरि नलाउनु–

येसमा जौन कामको अषतियार जसलाई होला तेस्को विस्तार बन्दोवस्त सबाल सोहि लेषि ल्यावला शुभम्

(पीठमा पछि लेखेको)

बाहादुर साहाले थिति गर्न्याको कागत धर्म्मसि सुवेदारले चह्रायाको थिति

राजनीतिको वंशावली.

– २.

ओल्लो किरातप्रदेशमा नापी गर्न खटाएको लालमोहर सं. १८४८

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का.....

आगे रामदास पंथ नारायण अर्ज्याल इच्छानन्द बराकोटि दशरथ वानिजा दल्याथापा रामचन्द्र बस्न्यात रामचन्द्र राना प्रभृति सिंधुनालदुमपूर्व दूधकोसीपश्चिम महाभारतका डाडादेखि उत्तर लिस्ति र भोटको सांधदेखि दषिन यति भित्रको जगा जिमि तप्सिल माफिक जाच्न तिमिहरूलाइ भारा लाग्यू षतिर्म्मासित जाचका सवाल वमोजिम गयाका काज थामि बक्सौंला–

तपसील

प्रजाका किपट राजाले दियाका तावापत्र र तारपत्र भोजपत्र मोहर जांचनु जांचदा पक्का ठहरिया सलामि लीं थामी दिनु— १

औल मुरि २० के रुपैया ४, दोयम मुरि २० के रुपैया ३, सिम मुरि २० के रुपैया २, जसमा पत्र छैन सिक्रिया प्रजाके मिझाऱ्याके मुरि ४० वेठ वेगार डोको वोको गर्न्या कुर्न्या कुरियाके मुरि ३० थामी छुटचाई दिनु. गाउँको सेवा वितिको मोहर गराइदिनू मोहोरको सलामी वीसको आठआना दरले दर्सन भेट लिनु. वढता झिकि लिनू— २

औलिया प्रजाके मिझाऱ्याका मुरि ६० वेठवेगार डोकोबोको गर्न्या कुरियाके मुरि ४० थामि छुटचाइदिनु. गाउंको सेवा वितिको मोहोर गराई दिनु.मोहोरको सलामी बीसको आठ आनाका दरले दर्शन भेट लिनु वडता झिकि लिनु— ३

हाम्रा मोहोर भयामाँहा काजका जोरले कच्चा पक्का नवुझी कट्टै भयाको भया आज जांची वुझी गर्नु— ४

नेपाल्या राजाले मयावि दियामा धडचारी वारी चाहिदो पाषा थामी दिनु वढता पाषा षेत झिकि लिनु— ५

मोहरिया छाप जोग्य अजोग्य पऱ्याको हेर्नु. मोहोरमा नलेषियाको षेत झिकी लिनु— ६

इति सम्वत् १८४८ साल मिति श्रावण शुदि २ रोज २ शुभम्

– ३.

मुसेदिललाई कारखानाको सरदारी दिई गरिदिएको लालमोहर सं, १८५०

स्वस्तिश्रीमन्महाराजाधिराजकस्य रुक्क

आगे मुसेदिल पेसी (?) साहेवके नयां कार्षाना तोप्वम् पल्टेका इलम सिषलावनेको सर्दारी मान कर वक्सा हैं. तुह्मारे षायल दर्माहा मार्गसीर सुदि ३ महिना-वारि रुपैआ ५०१ पान्सय येक वःर बक्सा हैं बारा जिल्लाका आम्दानीमध्ये सुवामार्फत् सालवसाल लेके भोग्य करो औ हनुमत्ध्वज कंपनी तैनाथ कर वक्सा है. नआ कार्षाना मेगजीनका काम नआ नआ इलम् तोपवम् पल्टंका कवाइत् सिषलाउना मेष्जीन गैरह कार्षानाका आदमी तुह्मारे तैनाथका कंपनिका आदमि ए सबका चुकली विति तागिरी वांहाली तम्वीह इलम् तुह्मारे मार्फत कर बक्सौंगे. लडाऱ्ी भिडाऱ्ी सव काम्मो हाजीर रहा करो. इति सम्वत १८५० मार्ग सुदि ३ रोज ६ शुभम्—

– ४.

कामदारहरूको विदा सम्वन्धी लालमोहर सं. १८५०

स्वस्तिश्रीमन्महाजाधिराजकस्य रुक्का

आगे..... हुकुम् ठंठाका दिनमें छव घडी दिन आये पर कार्षानामें सव कारिगढ हाजीर होना. गर्मिका दिनमें चार घडि दिन आयेपर हाजीर होना. साम्तके काम करके घर जाना. कार्षानामें हाजिर रहना. पर्वत्या कारिगढ आफ्ना बावुका श्राद्धे दसै तीहवार माध्या संक्रांति साउन्या संक्रांति आफ्नु व्यांह छोरा छोरीको व्याह नेवार कारिगढी दसै तिहवार सनागुठी देगुल पुजा विचार गुठी श्रीमुकुट जात्राको दिन १ को छुट्टी वक्सा गया है. आफ्ना घरमें रहना आफ्ना काम कर्ना इसमाफिक जो आदमी दीन् रहते में जायेका तिस्का तभीह होगा औ दर्माहामें कर्मी होगा— १

हुकुम जौन आदमि अच्छि तरहसौं मेहनति गरेका अच्छाकाम बनावेगा. जल्दि अकिल ल्यावैगा हुकुम रषेका कुछ तक्सीरका काम नकरैगा तिस्की दर्माहा वढ होगा औ इलाम होगा— १

हुकुम जौन आदमि षिलाफ वातका झगरा चुकलि करेगा औ चोरी करेगा बाहरका काम कार्षाना सिलागा (?) हुकुम वमोजिम् नकरैगा तिस्का तभीह होगा. कार्षानासौ निकाल जायेगा. तिन्सौं गुनहगारी लींआ जायेगा— १

पर्वत्या कागरिढका दिन मिल्ला

दसैको दिन—	९
माध्या संक्रांतिको दिन्—	१
चंडी पुर्णीमासी दिन्—	१
रिषी तर्पन् दिन्—	१
तिहार दिन्—	३
फागुण पुर्णिमा परेवा दिन—	१
हरिसैनि यकादसि—	१
कुस्या औंसी दिन्—	१
हरिवोधनी यकादसी—	१
चैत्र अष्टमी नवमी दिन्—	१
श्रावण संक्रान्ति दिन्—	१
सराधको—	१
	(जम्मा २३)

नेवार कारीगढके दिन मिल्ला

दसै दिन—	४
विचार गुठि दिन—	१
घोडा जात्राको दिन—	१
माध्या संक्रांतिको दिन—	१
सिठीनखः दिन्—	१
भदौ चौठी दिन्—	१
हिल्या जात्राकों दिन्—	१
तिहवार—	१
देगु पूजा—	१
आफ्ना बाबुको श्राध्या—	१
फागुण पुर्नमासी परेवा दिन्—	२
साउन पुर्नी—	१
बाडा जात्रा	१
सना गुठी—	१
जात्राको दिन्—	३
चैत दसै—	१
घंटाको चतुर्दसी—	१
कुस्या औंसी—	१
कार्तिक पुर्निमासी—	१
	(जम्मा २७)

इति संवत् १८५० सालमा मार्ग सुदी ३ रोज ६ शुभम्

(उक्त ३ लालमोहर 'श्री ५ रणबहादुर शाह' मा प्रकाशित छन्)

— ५.

अन्त्य अवस्थामा बहादुर शाहले रणबहादुर शाहलाई लेखेको पत्र सं. १८५४

अर्जि

उप्रान्त तांहांको समाचार बक्सीं पठाउनुभयो सुन्युः ये तरहले बंदछ तस्तै गर्नुहवस्. उप्रांत मोहरको सहिमा नआवनु मर्जी माफीक् गरौला. बकीं इहां बस्नाकन त गाह्रो मान्याको छैन. ताहाँ आउन गाह्रो लागीं हुयेछ हजुरको मेहेरमानगी कर्तीं पनी छैन. तस् कारिन मलाइता इहाँ बस्नु बढिया छ. मुकाम कीला सुभम् सुभम्—

बंदा बहादुर शाहको कुर्नेस बंदगीं— ३

(ऐ पत्र संग्रहबाट)

टिप्पणीहरू–

१. पत्र परिशिष्ट २ मा प्रकाशित छ ।

२. "फेरि बहादुर साहले कुमंत्रिका कुरा सुनि नेपालभरका षेत नपाइ टागो हालि वसुंधराका अंत गऱ्याका पापले पिडा गऱ्यो र बहादुर साहकन नेल हालि बंधन गरि मोचन गराया" (प्रस्तोतासंग रहेको वंशावलीबाट)

"ताहाँपछि माहीला साहेब बाहादुर साहले कुमंत्रीहरूका कुरा सुनी नेपालभरका षेतहरू सबै नपाई टांगा हालिदिया र वसुन्धराका अंत लीयाका पापले भारादारकां खेल परी श्री ५ महाराजाबाट तीमीले मुक्तीयारी काज काम गऱ्याको आजसम्मको बुझाउनुपर्छ बुझाउ भनीं पत्री चाँदीका नेल ठोकी राख्याको थियो बहादुर साह नैलैमा मुक्त भया"

(धनवज्र, ज्ञानमणि नेपाल – ऐ. पत्र संग्रह ७८ पृ. मा उद्धृत)

३. परिशिष्ट १ मा सो स्थितिको पत्र प्रकाशित गरिएको छ ।

४. चित्तरञ्जन नेपाली – श्री ५ रणबहादुर शाह, परिशिष्ट ४ पत्र

५. पत्रको उतार प्रस्तोताका संग्रहमा छ ।

६. श्री ५ रणबहादुर शाह १९ पृ.

७. यस विषयका पत्र परिशिष्ट ३।४ मा प्रकाशित छन् ।

८. ऐ. पत्रसंग्रह ६७ पृ. परिशिष्ट ५ मा पुनः बहादुर शाहको पत्र प्रकाशित छ ।

९. राजानमुत्तिष्ठमानमनूत्तिष्ठन्ते भृत्याः । प्रमाद्यन्तमनुप्रमाद्यन्ति । कर्माणि चास्य भक्षयन्ति । द्विषद्भिश्चातिसंधीयते । तस्मादुत्थानमात्मनः कर्वीत ।

तत्र पुर्वे दिवसस्याष्टभागे रक्षाविधानमायव्ययौ च श्रृणुयात् । द्वितीये पौरजानपदानां कार्याणि पश्येत् । तृतीये स्नानभोजनं सेवेत । स्वाध्यायं च कुर्वीत । चतुर्थे हिरण्यप्रतिग्रहमध्यक्षांश्च कुर्वीत । पञ्चमेपेत्र मंत्रिपरिषदा पत्रसंप्रेषणेन मन्त्रयेत । चारगुह्यवोधनीयानि च बुद्धचे त । षष्ठे स्वैरविहारं मंत्रंच सेवेत । सप्तमे हस्त्यश्वरथायु धीयान् पश्येत् । अष्ठमे सेनापतिसखो विक्रमं चिन्तयेत् । प्रतिष्ठितेऽहनि सन्ध्यामुपासती । प्रथमे रात्रिभागे गूढपुरुषान् पश्येत् । द्वितीये तूर्यघोषेण संविष्टः चतुर्थपंचमौ शर्यीत । षष्ठे तूर्यघोषेण प्रतिबुद्ध : शास्त्रमिति कर्तव्यतां च चिन्तयेत् । सप्तमे मंत्रमध्यासीत गूढपुरुषाँश्च प्रेषयेत् । अष्टमे ऋत्विगाचार्यपुरोहितसखः स्वस्त्ययनानि प्रतिगृह्णीयात्। चिकित्सकमहानसिकमौहूर्तिकाँश्व पश्येत् । सवत्सां धेनुं वृषमं च प्रदक्षिणंकृत्योपस्थान गच्छेत् ।

आत्मबलानुकूल्येन वा निशाहर्भागान् प्रतिविभज्य कार्याणि सेवेत ।

कौ. अ. १ अधि १९ अ. १६ प्र.

१०. ज्ञानमणि नेपाल– 'बाँध पैनी कुलोको व्यवस्था विकासको प्रथम चरण हो' नयाँ क्षितिज, वर्ष १ अङ्क ३, २०४०।८।८।५ पृ. ३ ।

(यो लेख सार्फी गर्ने सहायता रमेशकुमार चन्दले गरेको छ । – प्रस्तोता)

लिच्छविकालमा व्यवहार गरिएका संवत्

— शङ्करमान राजवंशी

नेपालमा पाइएका लिच्छविकालीन अभिलेखमा २ थरी संवत् देखापरेका छन्। तिनमा एकथरी मानदेव प्रथमदेखि लिएर शिवदेव प्रथमसम्मका अभिलेखमा प्राप्त संवत् र अर्कोथरी अंशुवर्मादेखि लिएर नेपाल संवत्को आरम्भसम्मका अभिलेखमा प्राप्त संवत् छन्। तीं संवत्को नाम भने लिच्छविकालीन कुनै अभिलेखमा पनि उल्लेख गरेको छैन। त्यसैले तीं संवत्को नाम र समय किटानबारे विभिन्न विद्वान्हरूको विभिन्न विचारधाराको मत स्थापन अहिलेभन्दा करीब १०० वर्ष अघिदेखि भएर आएका थिए।

पछि गएर नेपाल वीरपुस्तकालयस्थित चतुर्थ लगत नं. ५७ मा दर्ता भएको ताडपत्रमा लेखिएको सुमति-तन्त्र नामक ज्योतिषको पुस्तकमा उल्लिखित संवत्हरूको चर्चामा इतिहासकारहरूको आँखा पऱ्यो। हाल सो पुस्तक नेपाल राष्ट्रिय अभिलेखालयको विषय संख्या ६८ मा छ। उक्त पुस्तकमा ग्रन्थकारले युधिष्ठिरको संवत्देखि शक संवत् ४९८ सम्मका संवत्हरू श्लोकवद्धमा उल्लेख गरेका छन्। अन्त्यमा ती संवत्लाई गद्यमा टिप्पणीबाट पनि स्पष्टचाएको छ। पछि त्यो पुस्तक पढ्ने कुनै विद्वान्ले उक्त टिप्पणीमा शक ४९८ बाट आरम्भ गरीं शक ८०२ सम्म मानदेव संवत् ३०४ वर्ष रह्यो भनीं थपेको रहेछ। प्रमाण नपाइरहेको अवस्थामा त्यो प्रमाण पनि गनिमर्त ठानी अंशुवर्माभन्दा माथि अभिलेखमा उल्लिखित संवत्लाई वि. सं १३५ देखि चलेको शकसंवत् र अंशुवर्मादेखि नेपालसंवत् आरम्भ भएसम्मका अभिलेखमा उल्लिखित संवत्लाई शक ४९८ वि. सं. ६३३ देखि चलेको मानदेव संवत् भनीं मानिआएको थियो। त्यसलाई पंचांग गणित-द्वारा गणना गरीं निर्णय गर्न सकिएको चाहिं थिएन। कारण अभिलेखहरूमा संवत् महीना तिथि मात्र उल्लेख पाइन्थ्यो।

अहिले लिच्छविकालीन अभिलेख २०० भन्दा बढी प्राप्त भइसकेका छन्। तिनमा चांगुनारायणको गरुडको कवचमा रहेको संवत् ३१ को अंशुवर्माको सुवर्ण पत्रमा माघशुक्ल त्रयोदशी पुष्य नक्षत्र आइतबार भनीं मिति उल्लेख भएको पाइएपछि पंचांग गणितबाट गणना गरी हेर्ने सजिलो आधार मिल्यो। त्यहीं ३१ संवत्को भक्तपुर इनायचोको अभिलेखमा उल्लिखित पौंषमा अधि-मास मानेको कुरा पनि थाहा भयो। तब ती मत मतान्तरका वर्षहरूमा उक्त मितिको पंचांग गणित गरी हेर्दा कुनैमा पनि मिल्न नआएकोले के हो त भनी अनुसन्धेय विषय भयो।

पंचांग गणित गर्न अधिमासको पनि विचार गर्नुपर्ने हुनाले सजिलोको लागि शक १ देखि अधिमास पर्ने वर्षका तालिका ज्योतिषीले गणना गरीं दिएका छन्। तिनमा शक ५०० देखिका अधिमासतालिकामा प्रत्येक अधिमास परेका वर्षतालिकाहरूमा पंचांग गणना गरीं हेर्दै जाँदा आखिर शक ४७४ को कार्तिकबाट उठेको संवत्मा मिल्न गयो र त्यस मिलानबाट अंशुवर्माभन्दा माथिका अभिलेखका संवत् चाहिं शक पूर्व २२ मा चलेको

पूर्व लिच्छविसंवत् रहेछ भन्ने पत्ता लाग्यो । शक ४७४ कार्तिकबाट उठेको चाहिं उत्तर लिच्छविसंवत् अर्थात् अंशुवर्मसंवत् भन्ने निर्णय गरी यस निबन्धका लेखकले आफ्नो लिच्छविसंवत्को निष्कर्ष भन्ने पुस्तकमा प्रकाशित गरिएको छ ।

सुमतितन्त्रमा लेखेको मानदेवसंवत् अनुसार विचार गर्दा कहाँ कहाँ के कति मिल्ने वा लिच्छविसंवत्-को निष्कर्ष अनुसार विचार गर्दा मिल्ने भन्ने बारेमा प्राप्त अभिलेखबाट तुलना गरिएको कुरा तल दिइन्छ ।

(१क) सुमतितन्त्रको टीकानुसार–

बूढानीलकण्ठ विष्णुपादुकाफेदीको शिवदेव प्रथम र अंशुवर्माको संयुक्त शासनको संवत् ५१२ को शिलालेख प्राप्त छ । त्यसलाई शकसंवत् र अंशुवर्माको समयको संवत्लाई शक ४९८ बाट उठेको मानदेव संवत् मान्दा ५१२–४९८ = १४ वर्ष सुमतितन्त्रमा उल्लिखित टिप्पणी-कारको टिप्पणी अनुसार द्वितीय मानदेवले राज्य गरेको समय होला । तर उक्त द्वितीय मानदेवको शिलालेख प्राप्त छैन ।

(१ख) लिच्छविसंवत्को निष्कर्षानुसार–

काठमाडौं ज्यावहालको शिवदेव प्रथमको लिच्छवि संवत् ५३५ को शिलालेख प्राप्त छ । वंशावलीमा उक्त शिवदेव प्रथमको राज्य भोग वर्ष ४१ भनी दिइएको छ । यसबाट हुन आउने ५३५–४१ = ४९४ लिच्छविसंवत्देखि शिवदेव प्रथमको राज्य भएको देखिन्छ भने त्यसलाई शक संवत् मानेमा शक ४९८ देखि १४ वर्ष मानदेव द्वितीयको राज्यकाल कसरी होला । त्यसैले उपर्युक्त द्वितीय मानदेव-को शिलालेख प्राप्त नभएको हो ।

(२क) सुमतितन्त्रको टीकानुसार–

सुमतितन्त्रमा उल्लिखित टिप्पणीकारको टिप्पणी निम्न बमोजिम छ– "युधिष्ठिर दुर्ज्योधन उभो राज्याब्द २००० नन्द राज्याब्द ८०० चन्द्रगुप्त राज्याब्द १३२ सुद्रकदेव राज्याब्द २४७ शक राज्याब्द ४९८ मानदेवस्य राज्याब्द ३०४ शुभ ।" यस टिप्पणी अनुसार शकसंवत् ४९८ सम्म चल्यो र त्यसपछि मानदेवसंवत् चल्यो भन्ने छ ।

(२ख) लिच्छविसंवत्को निष्कर्षानुसार–

यदि अंशुवर्माभन्दा माथिका संवत्लाई शकसंवत् भन्ने हो भने सुमतितन्त्रको टिप्पणी अनुसार शक ४९८ पछि अंशुवर्मा हुनुपर्ने । तर धापासीको शिवदेव र अंशुवर्मा-को संयुक्त शासनको लिच्छविसंवत् ५२६ को शिलालेख प्राप्त छ । त्यसपछि अंशुवर्माको संवत्को शिलालेख देखापर्छ ।

(३क) सुमतितन्त्रको टीकानुसार–

अंशुवर्माभन्दा माथिको संवत्लाई शकसंवत् र अंशु-वर्मादेखिको संवत्लाई शक ४९८ बाट उठेको मानदेवसंवत् मान्दा बुंगमतिको अंशुवर्माको संवत् २९ ज्येष्ठको समय २९ + ४९८ = ५२७ शक हुन्छ । धापासीको शिवदेव र अंशुवर्माको संयुक्त कालको संवत् ५२६ वैशाखको अभिलेख प्राप्त छ । धापासीको अभिलेखको उक्त संवत् ५२६ लाई शकसंवत् मानेमा शक ५२६ वैशाख पछि शक ५२७ ज्येष्ठमा गएर अंशुवर्माको समयको मानदेवसंवत्को प्रचलन भयो भन्ने हुन्छ । यदि मानदेव संवत् कार्तिकादि भन्ने हो भने त शक चैत्रमा फिरी २९ + ४९९ = ५२८ ज्येष्ठ हुन्छ । यसरी २ वर्षको घटना अन्धकार हुन्छ ।

(३ख) लिच्छविसंवत्को निष्कर्षानुसार–

अंशुवर्माभन्दा माथिको संवत् शकपूर्व २२ मा चलेको लिच्छविसंवत् हुनाले धापासीको शिवदेव र अंशुवर्माको संयुक्त कालको संवत् ५२६ वैशाखको समय ५२६–२२ = ५०४ शक वैशाख हुन्छ । अंशुवर्माको समयको संवत् शक ४७४ कार्तिकबाट उठेको अंशुवर्मसंवत् हुनाले बुङमतीको अंशुवर्मसंवत् २९ ज्येष्ठको समय त्याउँदा शक संवत् चैत्रमा फिरिसक्ने हुँदा ४७५ + २९ = ५०४ शक ज्येष्ठ हुन्छ । तब शक ५०४ को वैशाखपछि ज्येष्ठ-मा अंशुवर्मसंवत्को प्रचलन भएको भन्ने हुन्छ ।

(४क) सुमतितन्त्रको टीकानुसार–

अंशुवर्माभन्दा माथिका अभिलेखमा अधिमास परेका ७ वटा शिलालेख प्राप्त भएका छन् । त्यसलाई शक संवत् मान्दा ज्योतिषी लक्ष्मण छत्रेले शक १ देखि गणना गरी दिएका अधिमासतालिकासंग भिडाउँदा २ ठाउँमा सिवाय अन्त मिल्दैन । जस्तै–

१) बूढानीलकण्ठ विष्णुपादुकाफेदीको संवत् ३९५ को अभिलेखमा प्रथमाषाढ छ । ज्योतिषी लक्ष्मण छत्रेले गणना गरेको शक ३९४ मा भाद्रमा अधिमास छ ।

२) ल. पु. वाहालुखाको– संवत् ४३५ को अभिलेखमा द्वितीय पौष छ । ज्योतिषी लक्ष्मण छत्रेले गणना गरेको शक ४३५ मा आषाढमा अधिमास छ ।

३) किसिपिडीको– संवत् ४४९ को अभिलेखमा प्रथमाषाढ छ । ज्योतिषी लक्ष्मण छत्रेले गणना गरेको शक ४४८ मा फागुनमा अधिमास छ ।

४) का. इ. ब्रह्मटोलको संवत् ४७९ को अभिलेखमा द्वितीयाषाढ छ । ज्योतिषी लक्ष्मण छत्रेले गणना गरेको शक ४७८ मा भाद्रमा अधिमास छ ।

५) देउपाटनको- संवत् ४८७ को अभिलेखमा प्रथमाषाढ छ । ज्योतिषी लक्ष्मण छत्रेले गणना गरेको शक ४८६ मा आश्विनमा अधिमास छ ।

६) धर्मस्थलीको– संवत् ५१७ को अभिलेखमा प्रथमाषाढ छ । ज्योतिषी लक्ष्मण छत्रेले गणना गरेको शक ५१६ मा भाद्रमा अधिमास छ ।

७) सतुङ्गलको– संवत् ५१९ को अभिलेखमा प्रथम पौष छ । जोतिषी लक्षण छत्रेले गणना गरेको शक ५१९ मा आषाढमा अधिमास छ ।

(४ख) लिच्छविसंवत्को निष्कर्षानुसार–

अंशुवर्माभन्दा माथिका अभिलेखमा प्राप्त संवत् चाहिं शक पूर्व २२ मा चलेको लिच्छविसंवत् हुनाले अंशुवर्माभन्दा माथिका अभिलेखमा पाइएका अधिमासलाई ज्योतिषी लक्ष्मण छत्रेले गणना गरी ल्याएको अधिमास तालिकासंग भिडाउँदा मिल्छन् । जस्तै–

१) बूढानीलकण्ठ विष्णुपादुकाफेदीको लि.सं. ३९५ = ३९५–२२=शक ३७३) प्रथमाषाढ छ ।

ज्योतिषी लक्ष्मण छत्रेले गणना गरेर ल्याएको अधिमास – शक ३७३ वैशाखमा छ ।

२) ल. पु. वाहालुखाको अभिलेखमा लि. सं. ४३५ = (४३५–२२ = शक ४१३) द्विपौष छ । ज्योतिषी लक्ष्मण छत्रेले गणना गरी ल्याएको अधिमास शक ४१३ मा आश्विनमा छ ।

३) किसिपिडीको अभिलेखमा लि. सं. ४४९ = (४४९–२२ = शक ४२७) प्रथमाषाढ छ । ज्योतिषी लक्ष्मण छत्रेले गणना गरी ल्याएको अधिमास– शक ४२७ मा ज्येष्ठमा छ ।

४) का. इ. ब्रह्मटोलको अभिलेखमा लि. सं. ४७९ = (४७९–२२=शक ४५७) द्वितीयाषाढ छ । ज्योतिषी लक्ष्मण छत्रेले गणना गरी ल्याएको अधिमास – शक ४५७ मा वैशाखमा छ ।

५) देउपाटनको अभिलेखमा लि. सं. ४८७=(४८७–२२=शक ४६५) प्रथमाषाढ छ । ज्योतिषी लक्ष्मण छत्रेले गणना गरी ल्याएको अधिमास – शक ४६५ मा ज्येष्ठमा छ ।

६) धर्मस्थलीको अभिलेखमा लि. सं. ५१७=(५१७–२२=शक ४९५) प्रथमाषाढ छ । ज्योतिषी लक्ष्मण छत्रेले गणना गरी ल्याएको अधिमास शक ४९५ मा वैशाखमा छ ।

७) सतुङ्गलको अभिलेखमा वि. सं. ५१९=(५१९–२२=शक ४९७) प्रथम पौष छ । ज्योतिष लक्ष्मण छत्रेले गणना गरी ल्याएको अधिमास शक ४९७ मा छ ।

(५क) सुमतितन्त्रको टीकानुसार–

अंशुवर्माभन्दा माथिको संवत्लाई शकसंवत् मान्दा त्यो संवत् चैत्रमा फिर्ने संवत् ठहर्छ । किनभने शक संवत् चैत्रमा फिर्ने कुरो सिद्धान्त शिरोमणि नामक ज्योतिषशास्त्रमा यसरी बताएको छ ।

लङ्कानगर्यामुदयाच्च भानोस्तस्यैव वारे प्रथमं बभूव ।
मधो सितादेर्दिन मासवर्षयुगादिकानां युगपत् प्रवृत्तिः ।।.

[लङ्कानगरमा प्रथम सूर्योदय हुँदा त्यसैको बारेमा चैत्रशुक्ल प्रतिपदादेखि दिन, महीना, वर्ष, युग, आदिको एकै साथ शुरू भयो ।]

तर चांगुको निरपेक्षको अभिलेख र पशुपति सूर्यघाटको विजयवतीको अभिलेखबाट अंशुवर्माभन्दा माथिको पूर्व लिच्छविकालको संवत् पनि कार्तिक शुक्ल प्रतिपदामा फिरेको देखिन्छ ।

(५ख) लिच्छविसंवत्को निष्कर्षानुसार–

अंशुवर्माभन्दा माथिको पूर्व लिच्छविकालको संवत् शक पूर्व २२ मा चलेको लिच्छविसंवत् भन्ने निष्कर्षमा आएको छ । लिच्छविसंवत् पनि कार्तिक शुक्ल प्रतिपदामा फिर्ने रहेछ भन्ने कुरो निम्न शिलालेखबाट थाहा भएको छ ।

चांगुमा रहेको लिच्छविसंवत् ४२७ कार्तिक शुक्ल १३ को निरपेक्षको शिलालेखमा राजा मानदेवलाई जीवित रूपमा वर्णन गरेको छ । जो निम्न प्रकार छ–

दाक्षिण्यतीव विदुषि प्रथित प्रभावे
श्रीः मानदेव नृपतौ जगतीम्भुनक्ति ।
तस्यैव शुद्धयशसश्चरणप्रसादात्
पित्रोः कृता कृतिरियन्निरपेक्षनाम्ना ।।

(दानी, ज्यादा विद्वान् र प्रभाव फैलिएका राजा मानदेवले पृथ्वीको रक्षा गरिरहनुभएको वेलामा सफा कीर्ति भएका उहाँ (मानदेव) को पाउको निगाहले निरपेक्ष भन्नेले बाबुआमाको यो सालिक बनाए ।)

यहीं लिच्छविसंवत् ४२७ कै आषाढ शुक्ल प्रतिपदाको पशुपति सूर्यघाटमा रहेको विजयवतीको अभिलेखमा राजा मानदेवलाई भूतपूर्व रूपमा वर्णन गरेको छ । जो निम्न प्रकार छ–

सतत सरलकान्त स्वाङ्गशोभा समृद्धः
अनुपहतयशोधीविक्रम श्रीः प्रभावः ।
सुनयविदनुरक्त स्फीतस (द) वृत्तलोकः
नृपतिरिह हतारिर्मानदेवो बभूव ।।

[सधैं (बुढेसकालमा पनि) सोझो (नकुप्रिएको) जीउ हुँदा अङ्गदङ्ग मिलेका, यश, बुद्धि, पराक्रम र ऐश्वर्य– यी सबै थोक भएका शत्रुहरूलाई नष्ट पारेका राजा मानदेव हुनुहुन्थ्यो । उहाँका दुनियाँहरू उहाँमा रत्तिएका सुखी र सच्चरित्र छन् ।

(६क) सुमतितन्त्रको टीकानुसार–

अंशुवर्माको अभिलेख संवत् २९ देखि ४५ सम्मका प्राप्त छन् । यदि त्यसलाई शक ४९८ बाट उठेको मानदेव संवत् मान्ने हो भने अंशुवर्माको समय निम्न प्रकार हुन्छन्–

२९+४९८=५२७ शक
४५+४९८=५४३ शक

इतिहास शिरोमणि बाबुराम आचार्यले अंशुवर्माकी छोरी भृकुटीको विवाह ई. सं. ५९३ भनी दिनुभएको छ ।

यसबाट ई. सं. ५९३-७८=५१५ शकमा भृकुटीको विवाह भएको देखिन्छ । तर मानदेवसंवत् अनुसार अंशुवर्माको समयभित्र भृकुटीको विवाह पर्न आउँदैन ।

(६ख) लिच्छविसंवत्को निष्कर्षानुसार–

अंशुवर्माको अभिलेखको संवत् शक ४७४ कार्तिकबाट उठेको अंशुवर्मसंवत् २९ देखि ४५ सम्मका समय निम्न प्रकार हुन्छन्–

२९ + ४७५=५०४ शक
४५ + ४७४=५१९ शक

यसबाट शक ५१५ को भृकुटीको विवाह अंशुवर्माको समयभित्र पर्न आउँछ ।

(७क) सुमतितन्त्रको टीकानुसार–

शक राज्याब्द ४९८ पछि मानदेवको राज्याब्द ३०४ भनी सुमतितन्त्रको टीकामा उल्लेख छ । त्यो पनि ऐतिहासिक अभिलेख भनिन्छ, शिलापत्र नै चाहिन्छ भन्ने छैन । त्यसलाई मानदेवसंवत् ३०१ मा लेखिएको सहोत्तर तन्त्र नामक पुस्तकले पुष्टि गरेको छ ।

(७ख) लिच्छविसंवत्को निष्कर्षानुसार–

पुरानो भन्दैमा सबै प्रामाणिक हुन्छ भन्न सकिन्न । नयाँ भन्दैमा सबै अप्रामाणिक हुन्छ भन्न सकिदैन । त्यसलाई परीक्षा गरी हेर्नुपर्छ भनेको छ । त्यसकारण लिपिबाट परीक्षा गर्दा सुमतितन्त्रको मानदेव राज्याब्द ३०४ भन्ने टीका पछि थपेको कल्पित सिद्ध हुन्छ ।

उदुम्वरपुरी

— राजाराम सुवेदी

कर्णाली प्रदेशको मध्यकालीन इतिहासमा जुम्लाको ठूलो नाउँ छ । जुम्ला जिल्ला अन्तर्गत पर्ने सिजा क्षेत्र त्यो बेला ठूलो साम्राज्यको राजधानी थियो । जुम्लालाई पहिले यमिला (Yumila) पनि भनिंदो रहेछ ।[1] जुम्लाका राजाहरू खस वंशका थिए ।[2] यस वंशका जुम्लाको पहिला राजा हुने व्यक्ति नागराज भएको कुरा त्यताको इतिहास अध्ययन गर्दा थाहा पाइन्छ ।[3] सोही वंशका अन्तिम राजा अभयमल्ल भएको कुरा पनि केही स्रोतहरूबाट जानकारी हुन्छ ।[4] राजा अभयमल्लको राजधानी सिजामा भएको कुराका केही प्रमाणहरू पाइएका छन् । त्यसैगरी उनको राजधानी उदुम्वरपुरी भएको कुरा पनि तत्कालीन प्रमाणहरूबाटै प्रमाणित हुन गएको छ । यसकारण सिजा क्षेत्र जुम्लादेखि पश्चिमपट्टि पर्दछ, जहाँ कनकेश्वरी देवीको मन्दिर छ । तर अर्को उदुम्वरपुरी क्षेत्र कहाँ पर्दछ भन्ने टुङ्गो लाग्न नसकेबाट प्रस्तुत लेखले जन्म लिने सौभाग्य पाएको हो भन्नु अतिशयोक्ति हुने छैन ।

उदुम्वरपुरीको स्थान निर्धारण गर्ने क्रममा सर्वप्रथम यो शब्दको संरचना कसरी भयो भन्नेतर्फ लाग्नु प्रासंगिक हुनेछ । यदि त्यसो नगरे तथ्य पत्ता लगाउन कठिन पर्न जान्छ । किनभने कुनै पनि स्थानको नामकरणभित्र कुनै न कुनै तथ्य लुकेको हुन्छ । त्यसको उद्घाटन भएपछि मात्र त्यसको अर्थबोध हुन्छ, अर्थबोधबाटै तत्त्वबोध गर्न सकिने हुन्छ । उदाहरणको निम्ति केही त्यस्ता स्थानहरूसंग सम्बद्ध पक्षकै कुरा उठाउनु ठीक पर्ला । धेरै बज्र (चटचाङ्ग) परिरहेकाले बज्रेश्वरको मन्दिर स्थापना गरिनाले बझाङ्ग राज्यको नाम रहन गयो ।[5] देवाटपीबाट डोटी, बाज जुराउने ढुङ्गा हुनाले बाजुरा, रूक्म राजाको राज्य हुनाले रूकुम,[6] मुसी नाम गरेकी दासीको दाइजो भएको कोट हुनाले मुर्सिकोट,[7] गोलो टोपी जस्तो टाकुरीमा कोट हुनाले गलकोट,[8] बान्ह राजाले राज्य गरेको कोट हुनाले बर्कोट[9] पहाडको धुरीमा सधैं डढेलो लाग्ने हुँदा डढेलधूरा, उच्च पहाडका टाकुरीमा प्रभातै सूर्यको किरण पर्ने भै चाँडो उज्यालो हुने हुँदा परभात > परभत > परबत > पर्वत, काश्यप ऋषिको कुटि भएको ठाउँ हुनाले काश्यपकुटि > काश्यकुटि > कास्कुट > कास्की, पियूठ बस्ने ठाना हुनाले पिउठाना > प्यूठान, चितुवा र बाघहरू लाम वा लङ भै हिंड्ने ठाउँ हुनाले बाघलङ > बागलङ > बागलुङ, पहाडका गर्भमा तामाको खानी हुनाले तामाखानी, पैसा काटने र टक्सारी गर्ने ठाउँलाई टक्सार > टौसार, मष्टो देवताले आनेको (त्याएको) राज्य मष्टोआना > मष्टोआन > मोष्टान् > मोष्टाङ > मुष्टाङ्ग > मुस्ताङ्ग, जुम्ल्याहा पहाड हुँदा जुम्लाहा > जुम्ला, सुवेदीहरू बसेको ठाउँ सुवेडा, देवकोटाहरू बसेको ठाउँ देवीकोट, कुमाईहरू बसेको ठाउँ कुमागाउँ, जमीनमा चीरा वा झाजर पर्ने ठाउँमा कोट भएकोले झाजरकोट > जाजरकोट > जारकोट,[10] सबै ठाउँमा राजा पुगेका तर त्यहाँ बाँकी हुनाले बाँफी,[11] गौतमहरू बस्ने ठाउँ गोताम > गोटाम > गोटान् > गौंटान् > गौताम् > गौतम, जस्ता ठाउँहरूको नामकरण हुन गएको कुराको संकेत मिल्न

गएको छ । त्यस्तै उदुम्वरपुरीको नामकरणबारे पनि हामीले प्रमाण भेट्याई चर्चा गर्नुपर्ने भएको छ ।

उदुम्वरपुरी संस्कृत भाषाको उदुम्वर र पुरी शब्दको सन्धि भै निर्मित हुन गएको बुझिन्छ । अतः त्यसको अर्थप्रयोजन निश्रृत गर्दा तीं दुवै शब्दको यथार्थता लाई आत्मसात् गर्दा विशेष ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । किनभने उदुम्वर शब्दले कुनै वनस्पति विशेषलाई संकेत गर्दछ । संस्कृत-हिन्दी शब्दकोषमा यस शब्दको अर्थ यस प्रकार गरिएको पाइन्छ–[12]

"उदुम्वरः [उँ शम्भूँ वृणोति-उ–वृ + खच्. मुम्, उत्कृष्ट : उम्वर प्रा०स० दस्य उत्वम्] 1. गुलरका वृक्ष (औदुम्वरा) 2. घरकी देहली या डचोडी, 3. हिजडा, 4. एक प्रकारका कोड (–रम् भी), – रम् 1. गुलरका फल, 2. तांवा."

संस्कृत शब्दको प्रामाणिक भण्डारको रूपमा विद्वान्हरूद्वारा स्वीकार गरिएको कृति अमरकोषमा उदुम्वर शब्दको प्रयोग यस्तो छ–[13]

"उदुम्वरो जन्तुफलो यज्ञाङ्गो हेमदुग्धकः ।
कोविदारे त्वामरिक कुद्दालो युगपत्रकः ।।२२।।"

श्रीमद्भागवत् महापुराणमा पनि उदुम्वर शब्दको उल्लेख परेको पाइन्छ । यद्यपि सोको प्रयोजन अर्के रूपको पाइन्छ, जस्तैः[14]

"विद्रुमोदुम्वर द्वारै वैदुर्यस्तंभपङ्तिभिः ।
स्थलैर्मारकतैः स्वच्छै र्भतिस्फटिकभित्तिभि ।।३२।।"

अर्थात्– विद्रुम जातको अम्वरमणि जडिजडाउ भएको ढोकाको पलेंटा, वैदुर्यमणिले निर्मित खम्वा, स्फटिक झैं झल्ल टल्किने मारकन नाम गरेको मणिको समूहले निर्माण गरिएको परखाल (भित्तो) मर्यादापुरुषोत्तम रामको दरवार थियो ....."

त्यसै प्रकारले संस्कृतकोष वाचस्पत्यम्मा उदुम्वर शब्दको अर्थ यस प्रकार गरिएको भेटिन्छ, जस्तैः[15]

"उदुम्वर पु० उडुम्वरवत् । (यज्ञडुमुर) १ वृक्षे । २ देहल्यां ३ नपुंसके ४ कुष्टभेदौच ५ ताम्रे न कादम्ब शितिरतिकापूरियिते कर्षे पु० । उडुम्वर शब्दे उदा०

यदुदुम्वरवर्णानां षष्टीषु मण्डलं महत् ।
शीतं नगमयेत् स्वर्गे किन्तत् क्रतु गतं नयेत् ।। सौत्र-मणियागे सुरापाण दुष्टत्ववोधकम् । हीवत्चक्रमञ्जिष्ठो-दुम्वरत्वक्षुसाधितम्: ६ "कच्थुरामूल कलकं वा उदुम्वर फलोपमम्" सुश्रुतः ।

७ साल्वजनपदावयवे च "साल्वावयवेत्यादि पा० ततोभवाद्यर्थेद्वज ।। औदुम्वरी तद्भवे त्रि० साल्वावयवा-उम्वरादयः" सि० कौ० उदुम्वर एव स्वार्थे अण् तस्मिन् ग्रामे । "औदुम्वरकाषिष्ठलगजाह्वयश्चेतिमध्यमिदम्" वृ० सं० उदुम्वरे कृमिः पात्रे समि० स० । उदुम्वरकृम्मिः तन्मध्यस्यकृमौः । उदुम्वरइव मशकः पात्रे समिता० स० । स्थूल मसकेषु० ।"

त्यसैगरी उदुम्वरी शब्दको अपभ्रंश रूप-मा नेपाली शब्द पनि बनेको चाल पाइन्छ, जस्तै उदुम्वरी > डुम्वरी > डुम्री ।[16]

माथिका कुराहरूबाट उदुम्वरी वा उदुम्वर शब्दले डुम्री जातको वनस्पतिलाई इङ्गित गरेको स्पष्ट बुझिन आएको देखिन्छ । हिन्दू वैदिक याज्ञिक कर्मकाण्ड, अग्नि-स्थापनादि कार्यमा चाहिने पञ्चपल्लवमध्ये डुम्रीलाई पनि एक पवित्र पल्लव मानिएको पाइन्छ । जस्तैः "ॐ अम्वेड अम्बिकेम्बालिकेनमानयतिकश्चन । ससस्त्यश्श्वकः सुभद्रि-काङ्कापीलवासिनीम् ।।१४।।"[17] यसकारण हिन्दू समाजमा डुम्रीको महीमा ठूलो छ । यसलाई आयुर्वेदीय औषधिहरू तयार गरिन्छ । तसर्थ सोही डुम्री वा डुम्रीलाई जनाउने ध्येयले उदुम्वर शब्दको प्रयोग भएको कुरामा अब कुनै सन्देह रहन गएको पाइँदैन । उदुम्वर शब्दको परिचय छिचोलेपछि अब हामी पुरी शब्दको पछि किन नलाग्ने ?

"पुरि (री) स्त्री० पुर्य्यते पु-ई किञ्च १ नगरे २ नद्याञ्च उजज्वसद० वा ङीप" अभिसारेण सर्वेण यद्ववुद्धम-वर्तय । पुरी समन्ताविहिता उपताका खजोरणाः ।....." पुरी (ना०) नगर; शहर; एक थरिको सन्यासी, रोटी ।

n. town; city; a class of hermit; a kind of unleaved bread."[18]

उपर्युक्त उदुम्वर शब्द र पुरी शब्दको अर्थ स्पष्ट भएपछि हामी पुनः उदुम्वरपुरीको नेपाली रूपान्तर गर्न पट्टि लागौं। सरसर्ती हेर्दै जाँदा उदुम्वर=डुम्री र पूरी= नगर र दुवैको सन्धि गर्दा डुम्रीनगर, डुम्राशहर, डुग्रीपुर, डुंग्रागांउ, डुग्राकोट जस्ता नाउँहरूलाई संकेत गरेको स्पष्ट हुन जान्छ। अब यसै प्रसङ्गमा हामी उहीं मध्यकालीन कर्णाली प्रदेशका खस राजा अभयमल्लको ज्यादै मन परेको ठाउँ उदुम्वरपुरी वा डुग्राकोट कुन ठाउँमा वा कुन जिल्ला अन्तर्गत पर्दोरहेछ भन्ने कुराको निर्णय गर्नतिर लाग्न थालेका छौं। यसका निम्ति सर्वप्रथम राजा अभयमल्लको एउटा अभिलेखको केहीं अंश मात्र भए पनि यहाँ उद्धृत गर्नु विषय सापेक्ष हुने देखिन्छ, जस्तै :[19]

"ॐ स्वस्ति ।। अविकल भुवन भरोद्वहन धैर्यप्राचुर्यकीर्तिकदम्वेनेवाशेषकवलितकलेवरस्य निहारगौरस्यानन्तस्येवापरं वपुरूद्वहतस्तुहिनगिरिनितम्वे वर्तमानामभिगलितदुकूलशंकाविमोद्वहन्त्था स्वेतसरिता समलङ्कृतपरिसरप्रदेशामुदुम्वरपुरीमधिवसन्नतुलभुजवल...."

यसको नेपाली रूपान्तर यस प्रकारको छ–

"ॐ स्वस्ति ।। सकल भुवनको भार बहन गर्ने धैर्यका प्रचुरताले भएका कीर्तिसमूहले अशेष व्याप्त गरे जस्तो हिउँले गोरो शरीर भएका शेषनागको अर्को शरीर धारण गरे जस्ता हिमवान् (हिमाल) का कटि प्रदेशमा वर्तमान, तल झरेका सेता दुकुलको शङ्का उत्पन्न गर्ने श्वेतसरित–सेती गङ्गाले अलंकृत वरिपरिको प्रदेश भएकी उदुम्वरपुरी डुम्राकोट डोटीमा अधिराज भएर बस्ने अतुल भुजवलले...."

उपर्युक्त अभिलेख र त्यसको अनुवाद योगी नरहरिनाथले सर्वप्रथम प्रकाशमा ल्याएको हो। उहाँले डुम्राकोट डोटीमा पर्दछ भनी स्पष्टसंग भन्नुभएको छ। त्यसैगरी पूर्णप्रकाश नेपाल यात्रीले उदुम्वरपुरी डुंग्रा सिजामा परेको कुरा संकेत गर्नुभएको छ, जस्तै :[20]

"११. राजा अभयमल्ल–उदुम्वरपुरी–सिजा १२७९ धनाकर जोशी..."

त्यसैगरी उहाँले अर्को ठाउँमा डुम्राकोटबारे अर्के कुरा लेख्नु भएको छ, जस्तै :[21] शाके "१०११ भाद्र शुक्ल पञ्चमी मङ्गलबारका दिन राजाको आदेश हुन्छ– डुम्राकोट (प्राचीन सिजाको शीतकालीन प्रान्तीय राजधानी) का गोलाइगाउँका थापा अधिकारी कार्की महतारा आदि. ."

" व्याख्या– सिजापति नरेश संग्राम मल्लले मौसमी राजधानी डुम्राकोट (अचेल वझाङको कोटदेवल)...."

राजा संग्राम मल्लको शासनकालबारे प्रा.बालकृष्ण पोखरेलले यात्रीज्यूको खण्डन गरी कागज गराई राखेको कुरा बताउनु हुन्छ तापनि उदुम्वरपुरीबारे यात्रीज्यूको व्याख्यालाई अर्को प्रमाणले पनि पुष्टि गरेको छ, जस्तै:[22]

"९. डुंग्राका अधिकारी कार्कीप्रति। आ० १ भात्यषोलाको। आ० खेती वाक्याको आ० डुम्री..."

त्यसैगरी बझाङ्गी राजा कल्याणसिंहको पालामा पनि डुंग्राकोटमा राजधानी रहेको कुरा तत्कालीन ताम्रपत्र प्राप्त हुनाले थाहा हुन आएको छ, जस्तै:[23]

"६. चितयो घालिमोलि डुँग्राकोट बसि बाजगाइलाइ मयाचितयो शङ्करजोइ..."

माथिका उद्धरणहरू हेर्दा उदुम्वरपुरी भनिएको डुंग्राकोट बझाङ्गमा पर्ने रहेछ जस्तो लाग्न गएको छ। पूर्णप्रकाश नेपाल यात्रीले त यो कुरो स्पष्ट पारिदिनु भएको छ, जस्तै:[24]

"डुग्राकोट– जो उदुम्वरपुरी पनि भनिन्थ्यो– ... बझाङ्ग जिल्लाका अधिकांश भागको सौन्दर्यमाधुरी यसै उच्चस्थलबाट देख्न सकिने ठानेर नै सिजापति नरेशले मौसमी राजधानी बनाएका हुन्। यस राजधानीमा बसेर गरिएका शाके १२९८ पूर्वका ताम्रशासनपत्रहरू कतिपय सोचिहरूसित अचेल धमाधम फेला पर्दैछन्। तीं सबैजसो ताम्रशासनपत्रमा कि त उदुम्वरपुरी, कि त डुग्राकोट वा डुग्रा मात्र उल्लेख गरिएको हुन्छ।"

यहाँनेर आएर हामीहरूलाई एउटा भ्रम जस्तो पैदा हुन गएको छ त्यो के हो भने डुंग्रा, डुंम्रा, डुंम्राकोट, डुंग्राकोट डोटीमा छ जो खस राजाहरूको राजधानी थियो भन्ने योगी नरहरिनाथको तर्क रहेछ भने

पूर्णप्रकाश नेपालको तर्क बझाङ्ग डुग्राकोट खस राजाहरूको मौसमी राजधानी भन्ने रहेछ । अब स्पष्ट कुरा के हो निर्णयसाथ बुझ्नु अनिवार्य देखिन्छ । अर्को कुरा यो विवाद उठ्नुको मूल कारण हो– दुई भिन्दाभिन्दै ठाउँमा पर्ने क्षेत्रको नाउँ ठ्याक्कै मिल्नु । यसर्थ एउटै नाउँ एक भन्दा बढ्ता ठाउँहरूमा आरोपण गरिंदा भविष्यमा विवाद उत्पन्न हुने संभावना रहँदो रहेछ भन्ने ठोस शिक्षा यस विवादबाट स्पष्ट रूपमा मिल्न जान्छ । इतिहासकारहरूको निष्पक्षता पनि यस्तै प्रकारका घटनाहरूबाट कसी लगाई पहिचान्न सकिने हुन्छ । यस्तो अवस्थामा स्थान निर्णय गर्दा त्यहाँको प्राकृतिक बनोटको पनि ख्याल राख्नुपर्छ । अब हामी उदुम्वरपुरी वा डुँग्राकोटको परीक्षण त्यसै मापकबाट गरी हेरौं ।

योगी नरहरिनाथले उदुम्वरपुरीको वर्णन यस प्रकार गर्नुभएको छ–

१. डुग्राकोट हिमाली क्षेत्रको कटिप्रदेश वा काखमा पर्दछ ।

२. सेतीगङ्गाले यसलाई अलंकृत पारेकोले वरिपरिको क्षेत्र रमणीय देखिन्छ ।

३. यो पहाडको उच्च ठाउँमा अवस्थित छ ।

४. जुम्लाका खस राजाहरूको राजधानी रहेकोले पुराना अवशेषहरू पनि हुन सक्ने स्थिति भयो ।

५. उदुम्वरपुरी वरिपरि डुँग्राको घना जङ्गल भएको हुनाले नै यो नाम रहन गयो ।

सर्वप्रथम हामी उपर्युक्त शर्तहरूलाई मनन गरी डोटीको डुग्राकोटतर्फ लागौं । त्यहाँ निम्नलिखित कुराहरू पाइन्छन्–

१. डोटीस्थित डुग्राकोट सेती नदीको निकटमा छैन ।

२. यो ठाउँ हाल गगुडा पञ्चायत अन्तर्गत डुग्राकोट भन्ने ठाउँमा पर्दछ ।

३. यसै गाउँमा भू. पू. प्र. म. स्व० डा० के० आई० सिंहको जन्म भएको हो ।

४. यो पहाडको टाकुरीमा नपरी तर्पे परेको धुरीमा रहेको छ ।

५. यहाँ पुराना अभिलेखहरूको अवशेष ज्यादै कम पाइन्छन् ।

६. डोटीको सिलगढी बजारबाट डुग्राकोट पुग्न करीब ६ घण्टा लाग्दछ । त्यहाँ दीपायल, राजपुर, फलेंडी हुँदै एउटा बाटोबाट पुगिन्छ भने अर्को बाटो नरीदाङबाट पनि छ । राजपुरमा ठकुरीहरूको घनाबस्ती छ । डुग्राकोटमा हिउँ जम्दैन र हिमाल पनि स्पष्ट देखिदैन ।

दोस्रो चरणमा हामी बझाङ्गस्थित उदुम्वरपुरी वा डुँग्राकोटपट्टि लागौं । त्यहाँ पुग्दा निम्नलिखित कुराहरू स्पष्ट रूपमा पाइन्छन् ।

१. बझाङ्ग डुग्राकोट सेती नदीको किनारमा पर्दछ ।

२. हाल सो ठाउँ कोटदेवल पञ्चायत अन्तर्गत पर्दछ ।

३. यसै ठाउँमा नेपाल–भोट युद्धमा पराक्रम देखाउने चेतूसिंह जन्मेका हुन् ।[25]

४. यो ठाउँ पहाडको टाकुरीमा पर्दछ जहाँबाट सेती-नदी, हिमालय, भातेखोला, खपतड, मालिका, काँडा, देउलेख, मेल्लेक, गरेल, चौगाउँ जस्ता ठाउँहरू देखिन्छ ।

५. यहाँ ३ वटा १ ठाउँ, २ वटा १ ठाउँ, १ वटा १ ठाउँमा शिलास्तम्भलेख तथा भग्न दरवार सिढी, ओखल, कोठी, पल्टन पहरा गर्ने ठाउँ, कवाइत खेल्ने ठाउँ, राजाको विश्राम गर्ने चौतारी आदि छँदैछन् ।

६. बझाङ्गस्थित डुँग्राकोट सदरमुकाम चैनपुरबाट डेढ-घण्टा लाग्दछ । यहाँबाट साइपाल, अपि, मालिका जस्ता उच्च हिमाच्छादित पहाडहरू निकट जस्ता देखिन्छन् । अझ सेती नदीले पारेका साइलावगड, भोपुर, चैनपुर, देवल, गोलाई, सुवेदीहरूको उत्पत्तिस्थल सुवेडा, वगडगाउँ, झोत्ता, रायल जस्ता बडा बडा पाटनहरू देखिन्छन् । डुग्राकोटको उत्तर-पट्टि ढँडार मष्टाको माँडौ पर्दछ । सो कुरालाई पुष्टि गर्नको निम्ति ढँडार मष्टोका धामीको आखरको छोटो अंश प्रस्तुत गरिन्छ, जस्तै :[26]

"पारी हल्लो डुग्राकोट वारि बाँझो रूख
सकी झाल्लाई सानो धामी धेकीहेलु पुरुषको मुख"

बझाङ्गी लोक इतिहासमा डुम्राकोटको वर्णन प्रशस्त सुन्नमा आउँछ । त्यसको सानो चर्चा यहाँ पनि गरिहालुँ । श्री सुर्मादेवीको लोक इतिहास बझाङ्गमा ज्यादै प्रचलित छ । एकपटक सुर्मादेवीले थारको रूप लिई भ्रमण गरेका ठाउँहरूको वर्णनमा डुँग्राकोट पनि परेको छ, जस्तै :[27]

"डुवाडुंग्री पहडै निस्क्यो थोर । ताइको खेद्यो थारू गाला डुँग्रा आयो ।।"

माथि उल्लेख गरिएका दुवै पक्षका वर्णनहरूका आधारमा निष्पक्षरूपले अध्ययन गर्ने हो भने उदुम्वरपुरी वा डुँग्राकोटको वर्णनको हुवहु लक्षण बझाङ्गकै डुँग्राकोट-संग मिल्ने हुनाले सो खस राजाहरूको राजधानी पनि रहेको रहेछ भन्ने निष्कर्षमा पुग्नुपर्ने जस्तो देखिन गएको छ । बझाङ्गको त्यो डुँग्राकोट वा डुम्राकोटमा पहिले डुंग्रीको घना जङ्गल थियो । कालक्रमबाट सो वन मासिदै गयो । तैपनि त्यतातिर हालसम्म डुंग्रीका झाङ्गहरू प्रायः देखिन्छन् ।

जुम्लाका खस राजाहरूको शक्ति पतन भएपछि राजा अभयमल्लले आफ्नो राजधानी उदुम्वरपुरीमा गराएको कुरा पनि थाहा हुन आएको छ ।[28] सत्य-मोहन जोशीले यस्तो लेख्नुभएको छ : "··· ···किनभने यिनी अभयमल्ल आफ्नै पिताका पालामा सेती नदीका किनारमा उदुम्वरपुरी (डुम्राकोट–डोटी) मा अधिराज भएर बसेका थिए भन्ने कुरो उद्धृत गरी डुम्राकोट डोटीमा भएको कुरामा सहमत हुनुभएको पाइन्छ । तर उहाँ न त डोटी नै जानु भयो न त बझाङ्गमा नै गएर बुझ्ने प्रयत्न गर्नुभयो । धनबज्र बज्राचार्यले त उदुम्वरपुरीको चर्चा नै गर्नुभएको छैन । जुम्ला शक्तिको पतनपछि डोटीले आफ्नो शक्ति बढाएको थियो । त्यसै बीचमा बझाङ्गका ठकुरी सामन्तहरू आफूलाई स्वतन्त्र पार्ने चेष्टामा लागी परेका थिए । त्यसै अवसरमा कुमाउँ-ले डोटीको विरूद्ध युद्ध छेडेकाले वि. सं. १५०३ मा बझाङ्गले पनि आफूलाई एक स्वतन्त्र राज्यको रूपमा घोषणा गऱ्यो ।[29] डोटी तत्पश्चात् सानो राज्यमात्र रहन पुग्यो । त्यहाँको सांस्कृतिक इतिहासमा बाह्र वर्षसम्म कुमाउका कटकवालाहरूले डोटीका महिलाहरू माथि व्यभिचार गरेकाले 'कटकवाली' र 'नायक' हरूको उत्पत्ति भयो । देवकी प्रथा पनि त्यसै समयदेखि शुरू भएको अनुमान गरिन्छ ।[30]

बझाङ्गी राजा चूनरी रायले आफ्नो राजधानी बझाङ्गकोटबाट चटचाङ्गको भयले सुनीकोटमा सारेका थिए ।[31] त्यो ठाउँ पनि राजधानी गर्न उपयुक्त नठानेकाले डुँग्राकोटमा सारेका थिए । डुँग्राकोटमा बझाङ्गी राजा भैरवसिंहका पालासम्म राजधानी रह्यो । त्यसपछि सो राजधानी पुनः बझाङ्ग तामाखानी कोटमा नै सारियो । यसो गर्नुमा पनि एउटा दुर्घटना परेको थियो । त्यो के रहेछ भने राजा भैरवसिंहकी रानीको खोपी डुँग्राकोटको उत्तरी पाटोपट्टि रहेछ । उत्तरतिर छ्वाङ्गै पहरो हुनाले र एक राति पहिरो गएको हुँदा रानी पहिरोमा परेर स्वर्ग भइन् । तीं रानीको नाम रहेछ पैरी रानी । सो नाम पहिरोमा परेकोले राखिएको हो वा पक्का नाम त्यहीं हो थाहा हुन गएको छैन । तापनि त्यसपछि राजा भैरवसिंहले आफ्नो राज्यको राजधानी डुग्राकोटबाट दुःखी भै बझाङ्गकोटमा सारेको कुरा थाहा हुन्छ ।[32] बझाङ्गी ठकुरी राजालाई आफ्नो राज्य थामेर खानसक्ने ठानेर वंशावलीकारले थामीराजा भन्ने नाम दिएको पनि पाइएको छ ।[33] जेहोस्, डुग्राकोट वा उदुम्वरपुरी जुम्लाका खस राजाहरूको पालादेखि हालसम्म पनि ऐतिहासिक महत्त्वको क्षेत्र हुन पुगेको छ । त्यो ठाउँको मिल्दो नाउँ डोटीमा भएर पनि बझाङ्ग कोटदेवलस्थित डुँग्राकोट नै उदुम्वरपुरी हो- यसमा सन्देह छैन । प्रस्तुत लेखले विवादको रूपमा रहँदै आएको उदुम्वरपुरी प्राप्त स्रोत, सामग्री तथा आफ्नो भ्रमण एवं अनुभवका आधार-मा खोजी गरी निर्क्योल गर्ने काम भएको हो । केही कुराहरू जानकारी हुन पनि नसकेका छन् । तीं कुराहरू क्रमशः प्रकाशमा आउँदै जानेछन् र इतिहासकार, विद्वान् एवं इतिहासमा रूचि राख्ने सज्जनहरूबाट पनि प्रकट हुनेछन् भन्ने आशा राखिन्छ ।

टिप्पणीहरू

१) F. B. Hemilton, **An Account of the Kingdom of Nepal**, Manju-shri Publishing House, New Delhi, 1971, PP. 282–283.

२) Oldfield H. Ambrose, **Sketches From Nepal**, Cosmo Publication, Delhi- 6, 1974, PP. 168. Atkinson Edwin T; **Kumaon Hills,** Cosmo Publication, Delhi-6, 1974, PP. 375-376.

३) राजाराम सुवेदी, "वझाङ्गका बाह्र अभिलेखहरू," **Contributions to Nepalese Studies**, Vol. VI, No. 2. 1979, PP. 73-74.

४) ऐजन् ।

५) राजाराम सुवेदी, "बझाङ्गको नामकरण", **प्रज्ञा**, अङ्क ४३, वर्ष १२, अङ्क १, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, नेपाल, २०४०, पृ. २१-३० ।

६) राजाराम सुवेदी, "रूकुम र पल्लो मुसीकोट सम्बन्धी केही ऐतिहासिक पत्रहरू", **Voice of History**, Vol. VIII, 1982, No. 1, PP. 66-72.

७) ऐजन् ।

८) राजाराम सुवेदी, 'गलकोटको ऐतिहासिक चिनारी', **संगालो**, कर्मचारी क्लव, बाग्लुं, नेपाल, २०३८, पृ. ५५-५८ ।

९) राजाराम सुवेदी, पूर्ववर्णित, टिप्पणी नं. ३, पृ. ८१ ।

१०) जाजरकोट खलंगा निवासी भू. पू. जि. पं. सभापति योगेश्वर कार्कीबाट प्राप्त स्रोत ।

११) रूकुम जिल्ला बाँफी माध्यमिक विद्यालयका प्र० अ० सुधीर शाहबाट प्राप्त स्रोत ।

१२) वामन शिवराम आप्टे, **संस्कृत हिन्दी शब्दकोष**, मोतीलाल बनारसीदास, दिल्ली, १९७७, पृ.१८४ ।

१३) श्रीमदमरसिंह विरचित, **अमरकोष**, द्वितीयकाण्डे, वनौषधिवर्ग ।

१४) श्री मद्भागवतेनवमस्कन्धेएकादशोऽध्याय ।

१५) **वाचस्पत्यम् (वृहत्संस्कृतभिधानम्)** द्वितीय भाग, चौखम्वा संस्कृत सिरिज अफिस, वाराणसी-२, ई. १९६२ (वि. सं. २०१८), पृ. ११६६ ।

१६) डा० चूडामणि 'वन्धु', **नेपाली भाषाको उत्पत्ति**, काठमाडौं, २०३६, पृ. १०९ ।

१७) पूजविधिसहिताग्निस्थापनाविधि, ठाकुरप्रसाद एण्ड सन्स बुक्सेलर, राजदरवाजा, वाराणसी, पृ. ४८ (पञ्चपल्लव समर्पण मंत्र) ।

१८) विद्यामहावारिधि डा० पारसमणि प्रधान, **ठूलो नेपाली-नेपाली-अंग्रेजी कोश**,भाग्यमणि प्रकाशन, कालिम्पोङ, भारत, १९८३ ई., पृ. ३७४ ।

१९) योगी नरहरिनाथ,**इतिहास प्रकाशमा सन्धिपत्र संग्रह,** आध्यात्मिक सम्मेलन, दाङ, नेपाल, २०२२, पृ. ७७२-७७३ ।

२०) पूर्णप्रकाश नेपाल यात्री, **सेतीका तारा**, हिमाली सौगात प्रकाशन, नेपाल, २०३४, पृ. ५१ ।

२१) ऐजन, पृ. २३८-२३९ ।

२२) राजाराम सुवेदी, **बझाङ्गका बाह्र अभिलेखहरू,** पूर्ववर्णित, पृ. ९३ ।

२३) राजाराम सुवेदी, **बझाङ्गी राजा कल्याणसिंहको शाके १६५६ को ताम्रपत्र**, सि. एन्. ए. एस्. जर्नल, भोलम ११, नं. १ (डिसम्वर १९८३), पृ. ११५-१२४ ।

२४) पूर्णप्रकाश नेपाल यात्री, **सेतीको नालीवेली**, हिमाली सौगात प्रकाशन, विराटनगर, नेपाल, २०३४, पृ. १४९ ।

२५) बझाङ चैनपुरस्थित जयपृथ्वी क्याम्पसका संस्थापक क्याम्पस प्रमुख गजेन्द्रबहादुर सिंहसंगको भेटवार्ताबाट प्राप्त जानकारी "खूवै लडचा चेतू सिंह ।"

२६) बझाङ्ग भातेखोलास्थित ढँडार मण्टोका धामी लालगिरी धामीसंगको भेटघाटबाट ।

२७) देवीचन्द्र जैशी, **श्रीसुमादेवी इतिहास**, वझाङ्ग देवल, नेपाल, १९६३ ई., पृ. १७ ।

२८) सत्यमोहन जोशी, **कर्णाली लोक संस्कृति इतिहास**, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं, नेपाल, २०२८, पृ. ८० ।

२९) राजाराम सुवेदी, पूर्ववर्णित, टिप्पणी नं. ५, पृ. २२ ।

३०) राजाराम सुवेदी, "बाईसी राज्य बझाङ्गमा प्रचलित न्याय प्रणाली", **नेपाल कानून परिचर्चा**, वर्ष ७, अङ्क ३, त्रि. वि. कानून अध्ययन संस्थान, नेपाल, २०४०, पृ. ११-२१ ।

३१) राजाराम सुवेदी, टिप्पणी नं. ५, पृ. २६ ।

३२) बझाङ्ग जिल्ला भातेखोलाका पं. मदनराज जोशीसंगको भेटवार्ताबाट प्राप्त ।

३३) बझाङ जिल्ला सुनिकोट, डाउगाउँका हर्कबहादुर बम्मबाट प्राप्त वंशावली अनुसार ।

प्रधानमंत्री जंगबहादुर राणाका समयको नेपाल-भोट युद्धका ऐतिहासिक सामग्री

(गताङ्कको बाँकी)

१९११ साल वैशाख वदि ३ रोज १ मा कुतिवजारमा वन्देज भयाका कागज लेषियाका जगाती षासाको नैवु कुचावा कुतिका ढेवा २ नेवार थकालीहरूलाई दियाको कागजको नक्कल तल्लो वेहोरा वमोजिम भोटचा अक्षर पनि छ—

कुतिको साल वसालका ढेवा र नेवार थकालिके कुतिका नेवार महाजन र भोटचा नैवुहरूको १९१० सालमा नुन चावलको कुरामा झगडा भै श्री ५ गोर्षा भोटसर्कार २ का हुकुमले आउन्या जाचकिहरूले २ थरलाई बन्देजको कागज गरिदियाको १९११ साल वैशाष वदि ३ रोज १ देषि नेवारको कोठि १ के षान्या चावल मैह्रा १ के आठ फाम्का दरले भारि ४ के फाम् ३२ का दरले मैह्राको हिसाप गरि आषाडदेषि तिहारसम्ममा बहिवमोजिम कोठि कोठिलाई थाकाको कुचावाहरूले नाउ नमेर्सी जाचि चावल दीं रसिद लिन लाउनु. षान्या चावल ल्याउन्या ढाक्चाहरूजाई नेवार आफुकाँ कोठिवाट नुन दिन लाउनु नैवुहरूको वाह्र पैसा दुई दाम पनि नेवारले दिन लाउनु गुन्छामा भयाको जिन्सी गैह्र नेवार महाजनको कोठीमा पठाउनु चावल अन्न छ थोक र घ्यू समेत घुन्छामा छ भन्या नैवुहरूका घर पठाउनु घुंछा सवै नेवार भोटचा जस्काहाँ हो वितौल नपर्न्या गरि जाचि पठाउनु लुच्चा फुच्चा भोटचा नेवार कसैले गर्न नदिनु. षालि डोक्या आयाकोले सामल् भनि चावल येक फामजति भयाको ल्यायो भन्या चावल वेच्छ भाया नैवुहरूले लिनुदिनु पाहुना जस्को कोठीमा पस्याको छ उसैको हुन्छ चूरा एक फाम जति सामल भनि लीइ नैवुहरूको घर पस्याको नला वेच्छ भन्या नेवारहरूले किनुदिनु. बेचदैन भन्या पाहुना जस्को घर पस्यो पाहुना उसैको हुन्छ. नेवार भोटचार थरले ढाक्चालाई दुष नदिनु ढेवा २ ले भोटचा नैवु उठाई नेवार महाजनलाई हुलकुल नगराउनु. नेवार थकालिले नेवार महाजनलाई उठाई भोटचा नैवुहरूलाई रस्योंमा ढेवाहरूलाई हुलकुल गरायो भन्या श्री ५ २ सर्कारको निसाफ वुझाउनुपर्ला वेपारको भर्न्या जोषन्या फाम सां त्वाक–थांका चुवास्या ढकलाई वर्ष दिनमा जाची २ ढेवाको छाप हालनु थांका नाघी नेवार भोटचा जसले ढाक्चा फुल्याउनु गयो भन्या रोहवरोह गरि ठह्र्यो भन्या २ ढेवा र नेवार थकाली ३ जनाले डंड एक सेर्सा गर्नु भोटचाको डंड २ ढेवाले लिनु नेवारको डंड नेवारी थकालिले लिनु येस वन्देजमा रहनु येस वन्देज नाघी जसले अर्घ्यालीं गर्ला श्री ५। २ सर्कारको निसाफ वुझाउनु पर्ला ।—

दिगरिपालो वस्न्या श्री थितात्वेको छाप्
दिगरिपालो वस्न्या श्री धैवुं धोर्ज्ये घ्यालवोको छाप—
श्री सुवामानसरवरसिको छाप
श्री नायेक रामसुन्दरको छाप—

इतिसम्वत् १९११ साल मिति वैशाष शुदि ३ रोज १ शुभम्—

यो लेषियाका तपसिल वमोजिमका कोठि महाजनलाई वढचामा वढचा वमोजीम कोठि गनि चावल दिनु. घटचामा

कोठि गनि घटचाकालाई चावल नदिनु भारि गंति गरि लिदादिदा ४ माना वढि ४ माना घटिको हिसाव कसैले नगर्नु भनि नाम नमेर्सीको तपसिल लेषि दिजौ—
दिग्रिपालोवस्न्या श्री थितालोयको छाप
दिग्रिपालोवस्न्या श्री धैवुंद्वर्ज्ये घ्यालवोको छाप—
श्रीसुवा मानसरोवरसिकोछाप
श्रीनायेक रामसुन्दरको छाप—

षासाको सालवसालको कुचावाहरू र नेवार नैवुहरूलाई श्री ५ । २ सर्कारका हुकुमले आउन्या जाचकि पगरिहरूले कुतिको नैवुहरू र नेवार माहाजनहरूको १९१० सालमा चावल नुन किनु वेचनुको कुरामा झगडा भै नेवार भोटचा २ थरलाई नझा सनत् दिया वमोजीम परवतको जिनिस फालि थुंचा जिनिस गैह्र र घुंछामा जिनिस ल्यायाको भया नेवारको कोठिमा षासाको नैवुहरूले कुचावासग नाम नमेर्सीको लमी मार्गी पठाउनु चावल स्मेत अंन ६ थोक र घ्यू स्मेत घुंछामा ६ अंन र घ्यू ल्यायाको भया नैवुहरूको घर थांकावाट लमि दीं पठाउनु वन्देजको कागज २ ढेवा नेवार थकालीलाई दियाको छ षाली डोक्या नुन किनु आउन्याहरू भोटया नेवार जसकाहा मन पर्छ उस्काहा लमि दीं पठाईदिनु नेवारको कोठिमा जान्या भया तहि षासावाट नाम नमेर्सीको लमि दिनु कर लाग्दैन येस वन्देजमा अर्काको कुरा सुनी झेलवेल पछि लागी अर्घ्यालो गन्या भन्या जसले यो सनतमा नाघ्ला श्री ५ । २ सर्कार को निसा वुझाउनु पर्ला यति सम्झीसंम जो वमोजीम गर—

दिग्रिपालोवस्न्या श्री थितालोयको छाप
ढेवा तानावाको छाप—
श्री सुवा मानसरोवरसिको छाप—
ढेवा मोनछुवाको छाप—
श्री धैवुंदोर्ज्ये घ्यालवोको छाप—
श्री नायेक रामसुन्दरको छाप—

इति सम्वत् १९११ मिति वैशाख वदि ३ रोज १ शुभम्—

थांका वस्न्या सालवसालका कुचावाहरूलाई श्री ५ । २ सरकारका जाचकि पगरिहरूले कुतिका नैवुहरू र नेवार महाजनहरूको चावल र नुन किन्ना वेचन्या कुरामा झगडा भयो र नेवार भोटया २ थरलाई नया सनत दियाको छ परवत्वाट आउन्या जिनिसि फालि थुंच्या जिनिसि गैंह्र र घुंछामा जिनिस ल्यायाको भया नेवारको कोठीमा षासाको लमि वमोजीम नेवारको कोठिमा पठाउनु चावल र अन्न ६ थोक र घ्यू समेत ७ र घुंछामा ल्यायाको भया नैवुहरूको घरमा थांकावाट लमि दीं पठाउनु षालि ढाक्चा रुपैया ली नुन् किन वाटो चोरि आया. ढाक्चा आफु जस्कार्हा मन पर्छ थांकावाट लमि दीं पठाउनु ढेवा हरूले उर्दी दिया वमोजिम नेवार महाजनहरूको कोठि १ के मैह्ना दिनमा षान्या चावल आठ फामका दरको भारि ४ को फाम ३२ को लेखा समाइ चावल धेरै आउन्या वखतमा दिनु नेवार भोटचाले थांका नाघी ढाक्चा फुलाउनु गयो भन्या २ ढेवा र नेवार नाइक्यालाई कहनु येस वन्देज वमोजिम वितोल नपर्न्यो गरि येस वन्देजमा जसले नाघी पनपछे गर्‍यो भन्या श्री ५ । २ सर्कारले निसा वुझाउनु पर्ला—

दिगरिपालो वस्न्या श्री थितालोयेको छाप—
ढेवा तानावाको छाप—
श्री सुवा मानसरोवरसिको छाप—
श्री धैवुंदोर्ज्ये घ्यालवोको छाप—
ढेवा मोनछोवाको छाप—
श्री नाइक्या रामसुन्दरको छाप—
मिति सदर— शुभम्—

स्वस्ति श्रीश्री ९ चीन वादशाह भोट सर्कारका हुकुमले आउन्या दिगरिपालो वस्न्या थितालोये धैवुन्दोर्ज्ये घ्यालवो कुतिको धेवा सिक्षताना ढेवा मोन्छोवार श्री ५ गोर्षा सर्कारका वडा वजीर श्रीप्राइममिनिष्टर यान कम्याण्डर इन चीफ जनरल जङ्गवहादुर कुवर राणाजीका मर्जिले आउन्या सुवा मानसरोवरसि नायेक रामसुन्दर स्मेत पगरि वसी कुति वजारको गोर्षाका प्रजामध्ये नेवार महाजनहरूको र भोटचा अम्वलमध्ये नेवार नैवु ५२ नीस्याङ नैवु ९४ सालका सनतमा लेषि छाप लायाको नैवु ७ स्मेत जम्मा नैवु ठुलो सानु ३७ लाई येस पालादेषि गर्ने कुरो पुरानो समेत थामि नझा सनत २ थरलाई लेषि दिया वमोजिम तिमि नेवारले ९४ सालका सनत् वमोजीम झाको डाडावाटको नुन कुतिमा आउन्या किनु वेचनु ७१ सालको सनत् वमोजिम नेवार महाजनहरू र भोटचाहरूको चावल नुनको कुरामा झगडा भयो र हामी २ थर जाचकि

हरूले भोटचा नेवारमध्ये अधिपछिको सनतहरू जाचि तिमि २ थरलाई ठुलो सजाये जियमा सासना गरि निरोपन गर्नु पर्न्या हो नेवार भोटचा २ थर पनि २ राज्यका प्रजा हुनाले येस पाला हामी २ थर जाचकिहरूले निसाफमा हाकिमहरूलाई चाहिन्या षतवत् माफ गराई अवदेषि गर्न्या वन्देज कुतिका घरपट्टि नैवु १२ र नैवु ठुलो सानु सवैले आफनु चौरी धपाई ह्लाको डांडापारको अधि अधि नुन किन्या जगा जगादेषि किनि ल्यायाको नुन वाहेक कुतिमा ह्लाचिवाल डांडा पारवाट नुन् वेचन आउन्याहरूले ल्यायाको नुन् नेवार महाजनले किनु ९४ सालको सनत् वमोजित नेवार नैवु ५ निस्याङ नैवु १२ र अरू नैवुले ह्लाचिवा नुन्वेपारिले डाडा वारि ल्यायाको नुन् १ मुठि पनि किन पाउदैन ७१ सालको सनत वमोजिम षान्या चावलमा नेवार महाजनहरूलाई कोठि १ के षान्या चावल महिना दिनमा आठ फाम भयाको भारि ४ के फाम ३२ का दरले जाचकि कुचावा २ ले वहि छाप मारिदियाको वमोजिम २ ढेवाले जाचि नेवारलाई दिनु अरू चामल उवा करिया गहु मकै कोदो घ्यू १२ नैवु र अरू नैवुहरूले किनु अरू नेवारहरूले १ मुठि पनि किन्नु हुँदैन डाकाटोयाको भोटचाहरूलाई नैवु हरूले अन्नले नुन साटन पाइन्छ रुपिआले किन्न वेचन पाउदैन ह्लाचिवा गैह्लाई ह्लाकोदेखि यसो वेचनु किन्नु अन्नले साटन हुन्दैन तिमि २ थरले निस्याङसंग घोछा भनि जिनसि अन्न घ्यू मिचि लिनु हुन्दैन जिनिसि ल्याया नेवारका कोठी पठाउनु अन्न छ र घ्यू ल्याया भोटचाको घर पठाउनु अरू सानु ठुलो जिनसि फालि थुंच्या परवत्-वाट ल्याउन्या सवै जिन्सी गैह्ल नेवारहरूले किनु जिनसि र रुपिआले नुन् किन आफ्ना मुनासीवले आउन्या सवैलाई नेवारको कोठीमा षासाका नैवुले कुचावासंग नाम नसेसीको लमि मागि कुचावाले जाचि पठाउनु चावल उवाकरोया गहुं कोदो मकै घ्यु स्मेत रुपिआ लीई नुन किन्न आफ्ना मुनासीवले नैवुहरूको घरमा आउन्या सवैलाई अधिकारित वमोजिम थांकाको कुचावाले जाचि लमि दि १२ नैवु र अरू नैवुहरूको घर पठाउनु नेवारको कोठिमा जान्या र भोटचा नैवुहरूको घर जान्या चितवल नपर्न्या गरी थांकावाट जार्ची पठाउनु रुपिआले नुन किन्न आउन्या ढाक्चाहरूलाई नैवुहरूका आफ्ना चौरीले अधिको जगा जगावाट किनिल्यायाको भया नुन वेचनु आफुसित नभया नेवारको कोटिमा पा लगी नुन किनि दिनु नेवारहरूको कोठीमा ढाक्चाहरूले रुपिआ लिनु नकिन्नु आफ्ना मुनासिवले आया नेवारले वेचनु । येति वाहेक गर्न्या कुरो पुरानो सनत वमोजीम गर्नु यो वन्देजमा रहनु येस वन्देजमा नाधि जसले अर्ध्यालो गर्न्या श्री ५ । २ सर्कारको निसा भर्नुउनु पर्ला भोटचा नेवार २ थर मिलि आफु आफुले पनि यस वन्देजमा तपसील वमोजिमका नेवार महाजनहरू र १२ नैवु स्मेत अरू साना ठुला नैवु गैन्हले परन्तुसम्म रहनु पर्छ—

तपसील

दिगरिपालो वस्न्या श्री थितालोयको छाप—
श्री कुति ढेवा सिक्षंतानावाको छाप—
दिगरिपालो वस्न्या श्री धैवुन द्वर्ज्ये घ्यालवोको छाप—
श्री कुति ढेवा मोन्छोवाको छाप—
श्री सुवा मानसरोवरसिको छाप—
श्री नायेक रामसुन्दरको छाप—

येस वन्देज वमोजिम हामी नेवार भोटचा द्विथरले परन्तु सम्म मंजुर गरौंला भनि सहि हाल्याको तपसील—

कोटांफुर्टेनको सहि छाप— थकालि जसमानको सहि छाप—
सोनामछोफेलको सहि छाप— कालिदासको सहि छाप—
झोगावादिको सहिछाप— माधवको सहि छाप—
गोपालको सहि छाप— दुर्ग्येनको सहि छाप—
सिचोको सहि छाप— मुनिधनको सहि छाप—
थेसांहुपको सहि छाप— चकतासिको सहि छाप—
सोमं धुंतासिको सहि छाप— जित्मानको सहि छाप—
माछेधुमको सहि छाप — अजवीरको सहि छाप—
यास्यार छेधुंको सहि छाप — शिवनारान्को सहि छाप—
धोले कालधरको सहि छाप— विष्णुमानसिको सहि छाप—
चिपुं दूपको सहि छाप— धनकिश्नको सहि छाप —
नेपाको सहि छाप— गयाधरको सहि छाप—
धोलिकको सहि छाप— लक्ष्मीदासको सहि छाप—
जग जेवाको सहि छाप — भाजुवीरको सहि छाप—
सिरिफुतिको सहि छाप— वैजसाथको सहि छाप—
भयांकैसाको सहि छाप— सुंधरको सहि छाप —
पासाको सहि छाप — पितलोको सहि छाप—
षाकांछेको सहि छाप — लक्ष्मीनारान् धैवुको सहि छाप—
चोचोवाको सहि छाप — चन्द्रधरको सहि छाप —

पुछे धुको सहि छाप —
छुधांछेको सहि छाप —
छेहिल्लामोको सहि छाप —
कुथछिफुंको सहि छाप —
लोपेमको सहि छाप —
षाषेम्वाको सहि छाप —
ल्लाकांफुर्वाको सहि छाप —
षान्ये छटेनको सहि छाप —
छुक्येडोको सहि छाप —
धार्पा छेटेनको सहि छाप —
काल्सा धांक्र्याको सहि छाप —
धिपेल्लाको सहि छाप —
धुरमान जुनको सहि छाप —
चोकेसाको सहि छाप —
थुला खेटेनको सहि छाप —
ल्लाको धुतुलको सहि छाप —
तेनजेन नोर्बुको सहि छाप —
षावहिसिका सहि छाप —

जुजुवर ढिगाको सहि छाप —
रामग्रष्णको सहि छाप —
मिह्राको सहि छाप —
सिधिविलासको सहि छाप —
श्री गोविन्दको सहि छाप —
अनन्तधरको सहि छाप —
सिधिनरसिंको सहि छाप —
हरिनरसिंको सहि छाप —
सुर्जनारान्को सहि छाप —
वुद्धनरसिंको छाप —
भवानसिंको सहि छाप —
मानवीरको सहि छाप —
राजमानसिंको सहि छाप —
धिजमाधवको सहि छाप —
कृष्नवीरको सहि छाप —
सिंहवीरको सहिछाप —
नारान्कृष्नको सहि छाप —
सहिन्द्रसिंको सहि छाप —

मुनिसुन्दरको सहि छाप —
लक्ष्मीसुन्दरको सहि छाप—
धन सुन्दरको सहि छाप—
भिमदेउको सहि छाप—
धनवीरको सहि छाप—
लक्ष्मीनारानको सहि छाप—
लक्ष्मीको सहि छाप—
भाजुधनको सहि छाप—
जटासंषरको सहि छाप—
सिद्धिनारानको सहि छाप—

जसमान भुजिको सहि छाप—
धुवीरको सहि छाप—
मान्नरसिंको सहि छाप—
कुलवन्नको सहि छाप—
हर्षदेउको सहि छाप—
लक्ष्मीजोतिको सहि छाप—
विष्णुनारानको सहि छाप—
भाजुनारानको सहि छाप—
धिजवरसिंको सहि छाप—
नित्यनारानको सहि छाप

इति सम्वत् १९११ साल मिति वैशाष वदि ३ रोज १ शुभम्—

(क्रमशः)

[राष्ट्रिय अभिलेखालयमा संग्रहित ढड्डू पुस्तकमा क्रमसंख्या तलमाथि ५रेकोले सोही अनुसार यहाँ दिइएको छ। —सम्पादक]

ऐतिहासिक पत्र-स्तम्भ

भारतको विहारस्थित सिवान जिल्लामा नेपाली नामले प्रसिद्ध महेन्द्रेश्वर मन्दिरका विषयमा अध्ययन गर्न खटाइएको पुरातत्त्व विभागको टोलीले आफ्नो प्रतिवेदन साथ असार २८ गते २०४१ का दिन पेश गरेका सामग्री मध्ये यी कागत पनि समावेश भएको हुँदा अनुसन्धाताहरू-लाई कुनै न कुनै रूपमा उपयोगी होला भन्ने ठानी यहाँ जस्ताको तस्तो पाठ दिइएको छ ।

स्वस्तिश्री सर्वोपमाजोग्य श्री ३ बाबु रामहीनसिंह साहेब इ त बाबू लक्ष्म प्रसादशाहिकृतप्रणाम आगे आयाका पत्र पाया अत्यन्त हर्ष प्राप्ति भया श्रीमाहाराजजिके जिवन चरित्रके विषयमे जहातक हमलोगोको होशका निर्मूल खिनशे प्रगट होगा आपके प्रष्णोका सामाधान जो इहा से नहि हो सक्ता है जो अवश्य श्री बाबा टिकमदासजिके जिज्ञासासे होजायगा—

श्री महाराजजिका कुंडलि तथा जन्मपत्रकि प्रति जाति है– श्री सम्वत् १९७८ शके १७४३ तत्र फाल्गुन शुक्ल द्वादशा या चन्द्रवासरे घ० ४८।२१ पुष्पनक्षत्रे घ० ४८।५६ अतिगंडयोगे घ० ३३।३ कुम्भार्कगतांशा २१ दिन..... ... ... ०।१० सत्सम

पराशे दोकोशके दूरीपर पूर्व्वदीशामे है उसी वनसे उप्पव पश्याकीये उशी समयमे हीन महिन्द्र पाहि राजा नयपाल तपस्वी जानकर दर्शन निवित्ते अए दीक्षितजिसे अति प्रसन्न हो रारायणी नो सरयूका विचके राज्यके पत्र लिखर दीक्षितजिको देनेलगे श्रीदीक्षितजि इनकार कीये परंतु राजा हठात्कार पत्र देदीये लाचार होकर राजाके झाग्रहसे ग्रहणकीये उसो एक सार मौजेमे अपनामकान वनाया उसी समयसे इह वंश एकसरीआ ब्राह्मण कहलाए ।

श्रीमहाराज जिमीधरकी ऐशी थीकि संसारी मनुस्येसि वहूत कमसंग रहनतथे केवल ओही माहात्मासे अंवर संजनसाथ रहते थे जीनको भजनही अवलंवथा भजनकी पूजा द··· विरक्तिका लक्षण... सत्संगका मर्य्यादा...

लालमोहरको नक्कल

स्वस्तिश्री गिरिराज चक्र चूडामणि नरनारायणेत्यादि बिविध गिरुदावली विराजमान मानोन्नत श्रीमन्महाराजा धिराज श्रीश्रीश्री महाराज सुरेन्द्रविक्र साह वहादुर सम्सेर जङ्गदेवानां सदा समरविजयिनाम्–

आगे सहर भादगाउंका प्रजा वेहरि आफ्ना सुना वित्ती पाताल जिमि वेचन्या गलछे टोलका सांननिको भाजुमनि सांयषल. किन्या सोहि टोलको वाकोननिचाको भाजु नारान यो पाताल जिमि पूर्व हात ७।। अंगुल ६ दफे दुपिक हात २।। अंगुल २ दफे दुपिक हात ३।। अंगुल ३ सांध वाटो र देनताको घर लिन्याको घर. दहिन हात १० अगुल ६ दफे दुपिक हात ४।। साढे चार सांध देवताको घर पश्चिम हात १३।। अंगुल ४ सांध संन्यासिको मथ उत्तर हात ३।। दफे सोक हात ११।। अंगुल ४ सांध ननि र लिन्याको घर यति हातको पाताल जिमि १ तस्को मोल रुपिया १२।। तस्को दसौंध रुपिआ १। सुवा जितमानसिंह मार्फत हाम्रा हजूर दाखिल भयो वेचन्याको दाम पाको किन्याको पाताल जिमि पाको गरिवक्स्यौ आफ्ना थातिर जामासंग वान्ह हजारका सरहले सुना वित्ती जानि पाताल जिमिको भोग्य गर । इति सम्वत् १९०४ साल मिति ज्येष्ठ वदि २ रोज ७ शुभम्–

मार्फत जितमानसिं

वुद्धराम श्रेष्ठ
गछे भक्तपुरको सौजन्यबाट

छाप

स्वस्तिश्री मद्राज कुमार कुमारात्मज श्रीवर्गेडियेर जनरल खड्गवहादुर साहवहादुर राणाजी कस्य पत्रम्–

आगे वनपति पाध्याके चयेनपुरका लगामा वषतसुंदुर हिटि मनराजी वघैचाको गुठिका सिवाना भित्र लाल मोहोरले जगेरा गरि अघिदेषि आजतक सम्म पालि आया को वन गोगन्या डाडावरि संन्यासि डाडा सम्म येकल्याको मुख फचि बिमाफी जगेरा गरि पाली राख्याकै थियो आजकाल अन्त रैकरपट्टिबाट नमागी वल मिचि चोरि विमाष पारि उजार गरि काटि दिया थिति वंदेच रहेन भनि तिमिले हाम्रा हजुरमा विन्ति गर्न आउंदा जाहेर भयो अव उप्रान्त अघिदेषि मोहर दस्कत्ले आजतक सम्म जगेरा गरि पाली आयाको वन कसैले नकाटनु षोरिया नफाडनु केहि कां विसेस चाहियामा चिताइदारसित मागी काटनु नमागी बलजफतले चोरि जस्ले काट्छ तस्लाइ पक्री चैनपुर अमालमा लैगी अैन वमोजीम दंड गराउनु भनि थिति वंदेज वावत दस्कत गरि दिञ्युं आपना षातिरज्मासित लालमोहोर वमोजिम जगेरा गर इति सम्वत् १९१२ साल मिति फाल्गुण वदि १४ रोज ४ शुभम्–

चैनपुर वडा नं. ८ भंज्याङखर्कका
नरपति पाध्या गौतमको सौजन्यबाट
प्राप्त

ABOUT THE AUTHORS

Mrs. Sarala Manandhar	– Antiquity-cum-Pottery Officer, Dept. of Archaeology, H. M. G., Nepal.
Mr. Purna Das Manandhar	– Artist, National Museum, Chhauni, Kathmandu, Nepal.
Mr. Gyan Mani Nepal	– Research Scholar, Nepal.
Mr. Shankar Man Rajvanshi	– Editor, National Archives, (Dept. of Archaeology), H. M. G., Nepal.
Mr. Raja Ram Subedi	– Research Scholar, Nepal.

'प्राचीन नेपाल' का निमित्त प्राग्–इतिहास तथा पुरातत्त्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, मूर्तिशास्त्र, संग्रहालय तथा ललितकलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तथा प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ । तर कुनै प्रकाशित विषयका सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएको भए तिनको स्वागत गरिनेछ ।

रचनासंग सम्बन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ । प्रकाशित लेखहरूमा व्यक्त गरिएको भावना वा मत सम्बन्धित लेखकको हो ।

महानिर्देशक
पुरातत्त्व विभाग
रामशाहपथ
काठमाडौं, नेपाल

Contribution of original nature dealing with pre-historic and field-archaeology, epigraphy manuscripts, numismatics, archives, art, anthropology and architecture of Nepal and museum and other techniques connected with various aspects of our work are invited to 'Ancient Nepal'.

The contribution should be concise and well documented, and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

The opinions expressed are those of the authors and do not necessarily reflect the views of the editor or the Department of Archaeology.

Photographs and illustrations (line drawing) may be sent. The typescript should be in double space and on one side of the paper only sent to:-

The Director General
Department of Archaeology
Ramshahpath
Kathmandu, Nepal.